का.जि.प्र.का.द.नं. १००/०५२/६०
३१ साउन २०८३
आइतबार
16 August 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०६। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

सरकारले २७ वर्ष पुरानो बालश्रमसम्बन्धी कानुन प्रतिस्थापन गर्न नयाँ विधेयक संसद्मा पेस गरेको छ । यसअघि १४ वर्ष रहेको न्यूनतम काम गर्ने उमेरलाई घटाएर १३ वर्ष कायम गर्ने प्रस्ताव विधेयकमा गरिएको छ ।

कानुन आएको २७ वर्षसम्म रोकिएन बालश्रम

श्रममै छन् १० लाख बढी बालबालिका

बालअधिकार हनन हुनु भनेको मानवअधिकारमाथिको प्रश्न हो । बालबालिकाका विषयमा राज्य अझ बढी संवेदनशील बन्नुपर्छ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता, राष्ट्रिय मानवअधिकार आयोग

घरेलु श्रम र मनोरञ्जन क्षेत्रमा बालबालिकाको बढ्दो प्रयोगले हाम्रो नैतिक धरातल कतिको बलियो छ भन्ने मापन गरिरहेको छ ।

अनिता पाण्डे
महासचिव, सिविस

भावना पाठक/मध्यान्ह
काठमाडौं, ३० साउन

काभ्रेकी ऋतु चालिसे (नाम परिवर्तन) लेख्ने-पढ्ने उमेरमै अरूको घरमा काम गर्न काठमाडौं आइपुगिन् । पाँचखाल नगरपालिकाकी स्थायी बासिन्दा उनी परिवारको सहमतिमै आफन्त नाता पर्नेको साथ लागेर काठमाडौं आएकी थिइन्। सुरुमा उनलाई काठमाडौंमा बस्न र घुम्न पाइने भनेर लोभ देखाइयो । उनको परिवारलाई पनि छोरी ठाउँमा पुगेकी हुन्छे, उसको भविष्य बन्छ भनेर फुरुक्क पारियो ।

गाउँमा लाउन-खानसमेत धौ-धौ पर्ने परिवारका उनीहरू छोरीको भविष्य बन्ने भनेपछि एकैछिनमा मानिहाले । 'काठमाडौंमा छोरीले काम खासै गर्नुपर्दैन, घरमा तिम्री छोरीजस्तै अरू केटाकेटी पनि छन्, उनीहरूलाई साथी हो' भनिएको थियो । काठमाडौंमा आफूजस्तै साथी छन्, सँगै खेल्न पाइन्छ, स्कुल जान पाइन्छ भनेपछि ऋतु जेब्रा झोला बोकेर काठमाडौं आइन् ।

काठमाडौं आएको दिन उनीबारे सोधीखोजी गरियो । यसरी बस्ने, यसरी खाने भनेर सिकाइयो । भोलिपल्ट ५ नबज्दै उनलाई 'ओइ उठ्' भनेर बोलाइयो । 'काठमाडौंमा यति बिहानै स्कुल जानुपर्छ !' उनले सोचिन् ।

उनलाई कुकुर डुलाउन बोलाइएको भनेर हातमा साङ्लो आइपुगेपछि मात्र थाहा पाइन्। आजबाट उनको दैनिकी सुरु भयो । बिहान उठ्ने, कुकुर डुलाउने, चारतले घर माथिदेखि बढार्दै तल झर्ने, तलबाट भुइँ पुछ्दै उँभो लाग्ने । बरन्डा, कौसी, गमला सबै उनैको जिम्मा लगाइयो ।

'तेरो स्कुल भर्ना भएको छैन, भर्ना गरेर ड्रेस सिलाएपछि सँगै जालिस् तँ पनि' यसो भनेको १५ दिन बितिसकेको >>> पृष्ठ २ मा

१३ वर्षमै श्रमको बाटो

बालश्रमसम्बन्धी २७ वर्ष पुरानो कानुन प्रतिस्थापन गर्न सरकारले नयाँ विधेयक संसद्मा पेस गरेको छ। युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले 'बालश्रम (निषेध तथा नियमित गर्ने) सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८३' संसद्मा पेस गरेका हुन्। विधेयकले हाल प्रचलित 'बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६' लाई प्रतिस्थापन गर्ने प्रस्ताव गरेको छ ।

प्रस्तावित विधेयकमा १८ वर्ष पूरा नगरेका व्यक्तिलाई बालबालिका मान्दै उनीहरूलाई काममा लगाउने विषयमा विभिन्न व्यवस्था गरिएको छ। यसअघि १४ वर्ष रहेको काम गर्न पाउने न्यूनतम उमेरलाई बढाएर १५ वर्ष कायम गर्ने प्रस्ताव गरिएको छ। तर १३ देखि १५ वर्ष उमेर समूहका बालबालिकाका लागि भने विशेष व्यवस्था गरिएको छ। उनीहरूले विद्यालय समयबाहेक दैनिक बढीमा दुई घण्टा र साप्ताहिक >>> पृष्ठ २ मा

संसद्लाई टेर्दैनन् मन्त्रीहरू

संसद् कानुन बनाउने थलो मात्रै होइन, सरकारलाई प्रश्न गर्ने, सरकारी कामको निगरानी गर्ने र राज्यलाई जनताप्रति उत्तरदायी बनाउने संस्थासमेत हो । यसलाई सरकारले आफूमाथि उठेका प्रश्नको प्रस्टीकरण दिने थलोका रूपमा समेत सदुपयोग गर्न सक्छ । तर, यसप्रति न सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी गम्भीर छ, न सरकार ।

संसदीय समितिमा मन्त्रीलाई राख्न सकेनौं भने पुरानो र नयाँमा केही फरक हुँदैन । त्यसैले यो कुरालाई हेलचेक्रयाइँका रूपमा लिनुभएन ।

केपी खनाल
सांसद, रास्वपा

- २८ वैशाख २०८३को बैठकमा प्रधानमन्त्रीको उपस्थिति खोजेर कांग्रेसका सांसदहरूद्वारा राज्य व्यवस्था समिति बैठक बहिष्कार
- ११ साउन २०८३मा शिक्षा, स्वास्थ्य सूचना प्रविधि समितिको बैठक शिक्षामन्त्री सस्मित पोखरेलले नभ्याउने भनेपछि स्थगित
- २७ साउन २०८३मा सार्वजनिक लेखा समितिको बैठकमा गृहमन्त्री सुधन गुरुङ आमन्त्रित । तर, व्यस्तता देखाएर अनुपस्थित ।
- २८ साउन २०८३मा कृषि तथा प्राकृतिक स्रोत समितिमा कृषिमन्त्री गीता चौधरी अनुपस्थित । यसप्रति रास्वपा नै असन्तुष्टि

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ३० साउन

गत बिहीबार प्रतिनिधिसभाअन्तर्गतको कृषि तथा प्राकृतिक स्रोत समितिमा 'जैविक तथा प्रांगारिक मलको प्रयोगको अवस्था, माटोको स्वास्थ्य र दिगो कृषि विकासमा यसको सम्भाव्यता सम्बन्धमा' छलफल थियो । बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी आमन्त्रित थिइन्। तर, उनी गइनन् ।

अनि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद केपी खनालले मन्त्री खोजे । कृषिमन्त्री र कृषि सचिवको अनिवार्य उपस्थिति हुनुपर्ने माग राखे । 'छलफलमा सुरुवाती चरणबाट नै सम्बन्धित मन्त्रीलाई राख्न सकेनौं भने पुरानो र नयाँमा केही फरक हुँदैन । त्यसैले यो कुरालाई हेलचेक्रयाइँका रूपमा लिनुभएन,' उनले भने, 'संसदीय समितिलाई यदि बलियो समिति बनाउने हो भने मन्त्रीज्यूको, सचिवज्यूको उपस्थिति व्यापक रूपमा हुनुपर्छ ।'

सम्बन्धित सचिव र मन्त्री नभए छलफल नै निष्फर्षमा नपुग्ने उनको बुझाइ छ । उनले भनेका छन्, 'यो समितिलाई हलुकै रूपमा लिने आउने अब भत्ता लिने मात्रै हो भने त मेरो भन्नु केही छैन ।'

मन्त्री सरकारका राजनीतिक जिम्मेवार व्यक्ति हुन् । मन्त्रालयबाट हुने नीति, निर्णय, बजेट कार्यान्वयन र प्रशासनिक कामको अन्तिम राजनीतिक जिम्मेवारी मन्त्रीकै हुन्छ । कर्मचारीले प्रशासनिक काम सञ्चालन गरे पनि त्यसको राजनीतिक उत्तरदायित्व मन्त्रीले लिन्छन् । त्यसैले संसदीय समितिले मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गर्दा मन्त्रीको उपस्थितिको अर्थ हुन्छ । यही विषय सांसद खनालले उठाएका हुन् ।

संसदीय समितिमा सम्बन्धित मन्त्रीको उपस्थिति नभएपछि मन्त्रीको खोजी गरिएको यो पहिलोपटक भने होइन । विगतका संसद्मा पनि यस्ता समस्या देखिन्थे । २१ फागुन २०८२को निर्वाचनबाट आएको प्रतिनिधिसभा र संघीय संसद्मा पनि यो प्रवृत्तिले निरन्तरता पाएको छ ।

बुधबार प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीको पोसाक तथा अन्य सामग्री खरिदमा अनियमितता भएको भनेर समितिमा परेको उजुरीका विषयमा छलफल थियो । जहाँ गृहमन्त्री सुधन गुरुङ आमन्त्रित थिए । तर, गृहमन्त्री गुरुङ पनि लेखा समितिको बैठकमा गएनन् ।

उक्त बैठकमा गृहसचिव राजकुमार श्रेष्ठ, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका महानिरीक्षक नारायणदत्त पौडेललगायत उपस्थित थिए । पोसाक खरिदको विषयमा कानुनी >>> पृष्ठ २ मा

समस्याको चाङमा सुस्तावासी

करिब २२ हजार सुस्तावासीले लालपुर्जा पाउन नसकेको तथ्यांक छ। यसबाहेक कोही नागरिकता, कोही सुरक्षा त्रास त कोही शिक्षा, स्वास्थ्य, डुबानलगायत समस्यासँग जुधिरहेका छन्।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ३० साउन

यही शुक्रबार आएको बाढीले सुस्ता गाउँपालिका-५ को थारू टोलमा बनेको बाँध बगायो ।

सुस्ता बचाउ संघर्ष समितिका संयोजक बाबु खान भन्छन्, 'हामीले १०-१५ दिन लगाएर बनाएको बाँध हिजो रातिको बाढीले भत्कायो। २५-३० लाख जतिको श्रमदानबाट बनेको थियो। सुस्ता बस्ती नै अहिले जोखिममा छ, बस्ती जोगाउन गाह्रो हुने भयो ।'

साउन १५ देखि निर्माण सुरु भएको बाँध भत्किँदा कतैबाट गुहार नपाएको स्थानीयहरूको गुनासो छ । सुस्ता जोगाउन संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले पहल गर्नुपर्ने खानको माग छ ।

उनी भन्छन्, 'बाँध त भत्कियो नै, पुरै बस्ती खतरामा छ । सरकारको बेलैमा ध्यान जाओस् ।' नवलपरासीको सुस्तामा नेपाल र भारतबीच सीमा विवाद छ। यो क्षेत्रमा भारतले सीमा अतिक्रमण गरेको स्थानीयवासी बताउँछन् । >>> पृष्ठ २ मा

सीमामा पनि तनाव

सुस्तामा सीमालाई लिएर पनि तनाव भइरहन्छ । सीमा समस्याको दीर्घकालीन समाधानका लागि दुई देशका सरकारबीच कूटनीतिक संवादमार्फत अघि बढ्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले गत वैशाखमा प्रतिनिधिसभाको बैठकमै नेपालले पनि भारतीय भूमि मिचेको छ भनेर दिएको अभिव्यक्तिपछि सीमा क्षेत्रमा एसएसबीको सक्रियता थप बढेको कतिपयको टिप्पणी छ।

प्रधानमन्त्री शाहको अभिव्यक्तिपछि सुस्तावासीले बनाउँदै गरेका बाँध भत्काउन एसएसबीको टोली तीन पटक नेपालको भूमि प्रवेश गरिसकेको स्थानीय >>> पृष्ठ २ मा

बाढी रोकथामको काम भइरहेको छ, कटान पनि जारी छ। कटान बढ्यो भने थारू टोलका करिब ३५ देखि ४० घर जोखिममा पर्ने हुँदा वैकल्पिक स्थानमा बस्ती स्थानान्तरण गर्नुपर्ने हुन्छ।

दीपकराज नेपाल
प्रजिअ, पश्चिम नवलपरासी

वैदेशिक रोजगार विशेष

१५ बुँदे मागबारे श्रममन्त्रीसँगको छलफल सकारात्मक रहेको संघको दाबी

मध्यान्ह संवाददाता
काठमाडौं, ३० साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले १५ बुँदे मागका सम्बन्धमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवसँग भएको छलफल सकारात्मक रहेको बताएको छ । हाल श्रम स्वीकृतिको सेवा बहिष्कार गरेर आन्दोलनको कार्यक्रम अगाडि बढाएको संघले भदौ १ गतेदेखि वैदेशिक रोजगारमा श्रमिक नपठाउने काम पूर्णरूपमा रोक्ने बताएको छ ।

शुक्रबार मन्त्रालयमा भएको छलफल सकारात्मक रहेको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले मध्यान्हलाई जानकारी दिए ।

उनले भने, 'संघले अघि बढाएको पेसागत सम्मान र मर्यादाको विषयको आन्दोलनलाई सकारात्मक र व्यावहारिक निष्कर्षमा पुऱ्याउँदै निकास दिनका लागि मन्त्रालयमा प्रारम्भिक छलफल भएको छ। हामीले हाम्रा मागहरू स्पष्ट रूपमा राखेका छौं । छिट्टै अर्को चरणको छलफल हुनेछ ।'

अगाडि बढाइएका मागहरूमाथि थप छलफल तथा आवश्यक पहललाई निरन्तरता दिनुपर्ने भन्दै संघले समस्या समाधानका लागि प्रतिबद्ध रहेको पनि बताएको छ ।

श्रम स्वीकृति नलिएर सरकारी सेवा बहिष्कारको नीति लिएको संघले व्यवसायीहरूबाट ऐक्यबद्धता जाहेर भएको र त्यसलाई कडाइका >>> पृष्ठ २ मा

प्रगतिशील मञ्चको कार्यसमिति आज टुंग्याइँदै

काठमाडौं/मस- प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको नयाँ नेतृत्व चयनका लागि आइतबार निर्वाचनको प्रक्रिया टुंग्याइने भएको छ ।

शुक्रबार साधारणसभा तथा छैटौं अधिवेशन उद्घाटन भएपछि नयाँ नेतृत्व चयनको प्रक्रिया सुरु भएको थियो । मञ्चको अध्यक्ष पदमा चार जनाको उम्मेदवारी परेको छ ।

मञ्चको अध्यक्षमा वर्तमान अध्यक्ष जनक रावल, महासचिव मिलन कट्टेल, उपाध्यक्ष सरिता घले र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वतृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल 'वैभव'को उम्मेदवारी परेको छ । तर संस्थापकसहित पूर्वअध्यक्ष तथा सल्लाहकारहरूले आवश्यकता र प्रभावकारिताका आधारमा सहमतिमै नेतृत्व चयन गर्नु उपयुक्त हुने भन्दै >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३१ साउन २०८३ आइतबार
16 August 2026 Sunday

चरिकोटमा लाखेको रौनक

संस्कृति जोगाउँदै पर्यटन र व्यापार प्रवर्धनमा युवा

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, ३० साउन

दोलखाको सदरमुकाम चरिकोटमा परम्परागत लाखे नाच सुरु भएको छ। नेवारी संस्कृति संरक्षण तथा प्रवर्धनमा सक्रिय लालीगुराँस युवा क्लबको आयोजनामा यस वर्षको लाखे नाच सुरु गरिएको हो।

गठेमंगलका दिन स्थानीय नाट्येश्वरी मन्दिरमा रातभर पूजापाठ गरी भोलिपल्टदेखि बजार परिक्रमा गराउँदै लाखे नाच प्रदर्शन गर्ने चरिकोटको परम्पराअनुसार यस वर्ष पनि लाखे नाच सुरु गरिएको क्लबका अध्यक्ष प्रवीन श्रेष्ठले जानकारी दिए।

लाखे नाच सुरु भएसँगै चरिकोट बजारको वातावरण उल्लासमय बनेको छ। साँझपख बाजागाजासहित लाखे नाच प्रदर्शन हुँदा बजारका विभिन्न चोकमा स्थानीयवासी, बालबालिका, युवा तथा ज्येष्ठ नागरिकको बाक्लो उपस्थिति देखिन थालेको छ। कलाकारहरूले विभिन्न देवीदेवता तथा राक्षसका चरित्र झल्कने मुखुन्डो र परम्परागत भेषभूषा लगाएर नृत्य तथा अभिनय प्रस्तुत गर्ने गर्छन्। लाखेको विशेष स्वरूप, बाजागाजाको ताल र कलाकारको प्रस्तुतिले बजारमा छुट्टै सांस्कृतिक रौनक थपेको छ।

चरिकोटमा लाखे नाचको परम्परा दशकौं पुरानो रहेको बताइन्छ। उपलब्ध अभिलेखअनुसार करिब सात दशकअघि अर्थात् २०१५/१६ सालतिर नेवार समुदायका युवाहरूले चरिकोटमा लाखे नाच प्रदर्शन सुरु गरेका थिए। तत्कालीन पुस्ताले सुरु गरेको यो सांस्कृतिक परम्परालाई विभिन्न समयका अग्रजहरूले निरन्तरता दिँदै आएका छन्। अहिले नयाँ पुस्ताका युवाहरू लालीगुराँस युवा क्लबको अगुवाइमा लाखे नाचलाई निरन्तरता दिइरहेका छन्।

लाखे नाचमा प्रयोग हुने मुखुन्डो, पोसाक, बाजागाजा र नृत्य शैलीले स्थानीय नेवारी संस्कृतिको मौलिक पहिचान झल्काउने गरेको छ। लालीगुराँस युवा क्लबले लाखे नाचलाई चरिकोटमा मात्र सीमित नराखी जिल्लाका विभिन्न स्थानमा समेत प्रदर्शन गर्दै आएको छ। क्लबले जिरी, मैनापोखरी, सिंगटी, बाघखोर देउरालीलगायतका स्थानमा पुगेर लाखे नाच देखाउँदै आएको छ। जिल्लाबाहिर काठमाडौंलगायत अन्य जिल्लामा समेत पुगेर लाखे नाच प्रदर्शन गर्ने गरिएको क्लबले जनाएको छ।

विभिन्न स्थानमा पुगेर मौलिक कला र संस्कृति प्रस्तुत गर्दा दोलखाको सांस्कृतिक पहिचान जिल्लाबाहिरसम्म पुर्‍याउन तथा नयाँ पुस्तालाई परम्परासँग जोड्न सहयोग पुगेको छ। लाखे नाच मनोरञ्जनका लागि मात्र नभई धार्मिक तथा सांस्कृतिक आस्थासँग समेत जोडिएको छ। नेवारी समुदायमा लाखेलाई विभिन्न धार्मिक कथासँग जोडेर व्याख्या गर्ने परम्परा छ। चरिकोटमा प्रचलित धार्मिक मान्यताअनुसार लाखे नाचलाई कृष्णसँग सम्बन्धित कथासँग जोडिएको पाइन्छ। कृष्ण जन्माष्टमीको भोलिपल्ट कृष्णले चक्र प्रहार गरी लाखेको वध गरेको अभिनय गरेपछि लाखे नाच औपचारिक रूपमा समापन गर्ने परम्परा रहेको स्थानीयको भनाइ छ।

गठेमंगलदेखि कृष्ण जन्माष्टमीको भोलिपल्टसम्म चल्ने यो परम्पराले चरिकोट बजारलाई केही सातासम्म सांस्कृतिक उत्सवको वातावरणमा परिणत गर्ने गरेको छ। दैनिक रूपमा बजार परिक्रमा गराउँदै लाखे नाच प्रदर्शन हुँदा स्थानीयवासीसँगै बाहिरबाट आएका आगन्तुक तथा पर्यटकसमेत आकर्षित हुने गरेका छन्।

दोलखा प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण जिल्ला हो। कालिञ्चोक, दोलखा भीमेश्वर, जिरी, शैलुङ, बिगु, गौरीशंकर क्षेत्रलगायतका पर्यटकीय गन्तव्यमा वर्षभरि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन्। यस्ता पर्यटकीय गन्तव्यसँग स्थानीय जात्रा, पर्व, लाखे नाच तथा अन्य सांस्कृतिक गतिविधिलाई जोड्न सके जिल्लाको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने देखिन्छ।

लाखे नाचजस्ता मौलिक सांस्कृतिक गतिविधिले पर्यटकलाई प्राकृतिक सुन्दरतामात्र नभई स्थानीय जीवनशैली, कला, परम्परा र संस्कृतिसँग प्रत्यक्ष जोड्ने अवसर प्रदान गर्छ। विशेषगरी चाडपर्वको समयमा चरिकोट तथा जिल्लाका विभिन्न बजारमा सांस्कृतिक गतिविधि बढ्दा होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय उत्पादन, हस्तकला तथा अन्य व्यवसायमा समेत सकारात्मक प्रभाव पर्न सक्छ।

त्यसैले लाखे नाचलाई केवल धार्मिक तथा सांस्कृतिक कार्यक्रमका रूपमा मात्र नभई स्थानीय पर्यटन र व्यापार प्रवर्द्धनको माध्यमका रूपमा समेत विकास गर्न सकिने सम्भावना छ। जिल्लाका जिरी, मैनापोखरी, सिङ्गटी, बाघखोर देउरालीलगायतका बजारमा समेत लाखे नाच प्रदर्शन गरिँदा ती क्षेत्रमा सांस्कृतिक गतिविधिसँगै आगन्तुकको चहलपहल बढाउने अवसर सिर्जना हुन्छ।

यस्ता कार्यक्रमलाई स्थानीय तह, पर्यटन व्यवसायी, उद्योगी-व्यवसायी र सांस्कृतिक संस्थाबीच सहकार्य गरी व्यवस्थित रूपमा सञ्चालन गर्न सके यसको आर्थिक प्रभाव अझ व्यापक बनाउन सकिने देखिन्छ। दोलखामा प्राकृतिक तथा धार्मिक पर्यटनको राम्रो सम्भावना भए पनि सांस्कृतिक पर्यटनलाई अझ व्यवस्थित रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

जिल्लाका विभिन्न जातजाति र समुदायका मौलिक नाच, जात्रा, पर्व, भेषभूषा, बाजागाजा तथा परम्परालाई पर्यटनसँग जोड्न सके पर्यटकको बसाइ अवधि बढाउन र स्थानीय व्यवसायमा थप आर्थिक गतिविधि सिर्जना गर्न सकिने सम्भावना छ। लाखे नाचलाई जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यसँग जोडेर सांस्कृतिक क्यालेन्डर निर्माण गर्न सकिने देखिन्छ।

चाडपर्व तथा जात्राको समयमा पर्यटकलाई लक्षित गरी सांस्कृतिक कार्यक्रम, स्थानीय परिकार, हस्तकला तथा स्थानीय उत्पादनको प्रदर्शनी र बिक्रीको व्यवस्था गर्न सके संस्कृति संरक्षणसँगै स्थानीय उत्पादनको बजार विस्तारमा समेत सहयोग पुग्न सक्छ। लालीगुराँस युवा क्लबले विभिन्न स्थानमा पुगेर लाखे नाच प्रदर्शन गर्नुले सांस्कृतिक पर्यटनको सम्भावनालाई थप फराकिलो बनाएको छ।

आधुनिक जीवनशैली र प्रविधिको बढ्दो प्रभावका कारण पुराना पुस्तासँग रहेको मौलिक ज्ञान, सीप र परम्परा हराउँदै जान सक्ने अवस्थामा युवाहरूले संस्कृतिको संरक्षणमा देखाएको सक्रियता महत्वपूर्ण मानिएको छ। लाखे नाचको इतिहास, मुखुन्डो निर्माण, पोसाक, बाजागाजा तथा नृत्य शैलीको अभिलेखीकरण गरी नयाँ पुस्तालाई सहभागी गराउन सके यसको पुस्तान्तरण अझ प्रभावकारी बन्न सक्छ।

यस वर्ष गठेमंगलको पूजापाठपछि सुरु भएको लाखे नाच कृष्ण जन्माष्टमीको भोलिपल्टसम्म निरन्तर चल्नेछ। अन्तिम दिन कृष्ण र लाखेको प्रतीकात्मक प्रसंग प्रस्तुत गर्दै लाखेको वध गरेपछि नाच समापन गर्ने परम्परा छ। परम्परागत लाखे नाच अहिले नेवार समुदायको सांस्कृतिक सम्पदामा मात्र सीमित नरही चरिकोट र समग्र दोलखाको सांस्कृतिक पहिचानसँग जोडिएको उत्सवका रूपमा विकास हुँदै गएको छ।

निःशुल्क स्वास्थ्य शिविरमा १५० जनाले लिए सेवा

काठमाडौं/मस- काठमाडौं टोखा नगरपालिका-१, झोरस्थित पब्लिक बोर्डिङ स्कुलमा पूर्वजनप्रतिनिधि फोरम टोखाको आयोजनामा बृहत् निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। टोखा नगरपालिका-१ वडा कार्यालय तथा स्वास्थ्य शाखाको सहजीकरण र अल नेपाल अस्पतालको प्राविधिक सहयोगमा शनिबार सञ्चालन गरिएको शिविरमा स्थानीय महिला तथा पुरुष गरी १५० जनाले स्वास्थ्य सेवा लिएका छन्।

शिविरमा हाडजोर्नी तथा नशासम्बन्धी जाँच, मुटुरोग परीक्षण, स्त्रीरोगसम्बन्धी परीक्षण तथा परामर्श, सामान्य चिकित्सा सेवा, रक्तचाप तथा मधुमेह परीक्षण र फिजियोथेरापी परामर्शलगायतका सेवा उपलब्ध गराइएको थियो।

स्थानीयवासीलाई घरनजिकै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको आयोजकले जनाएको छ। शिविरमा चिकित्सक तथा स्वास्थ्यकर्मीले आवश्यकताअनुसार स्वास्थ्य परीक्षण गर्नुका साथै उपचार तथा स्वास्थ्यसम्बन्धी परामर्श दिएका थिए।

टोखा नगरपालिका-१ का वडाध्यक्ष रमेशकुमार लामिछानेले पूर्वजनप्रतिनिधि फोरमले आयोजना गरेको स्वास्थ्य शिविरबाट वडावासी प्रत्यक्ष रूपमा लाभान्वित भएको बताए। वडावासीको स्वास्थ्यलाई प्राथमिकतामा राखेर वडा कार्यालयले काम गरिरहेको भन्दै उनले यस्ता कार्यक्रमले वडाको स्वास्थ्य सेवामा थप सहयोग पुगेको बताए।

टोखा नगरपालिका-१ का पूर्ववडाध्यक्ष श्रीकृष्ण अधिकारीले पूर्वजनप्रतिनिधि फोरमले सामाजिक कार्यलाई निरन्तरता दिँदै आएको बताए। स्वास्थ्य शिविरबाट वडा नम्बर १ का नागरिक लाभान्वित भएको उल्लेख गर्दै उनले आगामी दिनमा पनि विभिन्न सामाजिक कार्यक्रम सञ्चालन गर्ने बताए।

टोखा नगरपालिका-११ का पूर्ववडाध्यक्ष उत्तम अधिकारीले पूर्वजनप्रतिनिधिका रूपमा सामाजिक सेवाका गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता जनाए। उनले स्वास्थ्य शिविर सफल बनाउन सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गरे।

श्रममै...

थियो। उनको उमेर त्यतिबेला १३ वर्ष मात्र लागेको थियो। गाउँमा ५ कक्षा पास गरेर काठमाडौंमा ६ कक्षामा भर्ना हुने उनको रहर पूरा भएन। यसमा न उनले विरोध गर्न सकिन्, न गाउँ फर्केर जाने आँट गरिन्। उनलाई त्यतिबेला म कुन ठाउँमा छु भन्ने पनि थाहा थिएन।

जसोतसो उनी त्यो घरबाट निस्किन सफल भइन्। अहिले उनले आफूलाई घरेलु कामबाट मुक्त गरिसकेकी छिन्। तर, उनले त्यो घरमा भोगेको सकस भने बिर्सिएकी छैनन्। बिहान कुकुरलाई डुलाउनेदेखि बेलुका साहु-साहुनीको गोडामा तेल नलगाएसम्म उनले सुत्न पाउँदिनथिन्। भाँडा माझ्दा चिल्लो नगएको भनेर कुटाइ खाएको अझै भुलेकी छैनन्।

घरेलु कामदारका रूपमा उनले भोगेजस्तै सकस धेरै बालबालिकाले भोगेका छन्। श्रम मात्र हैन, उनीहरूमाथि हुने दुर्व्यवहार अझै डरलाग्दो छ। विशेषगरी, सहर-बजारमा बालबालिकालाई श्रममा लगाउनेको संख्या धेरै छ। महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)ले काठमाडौंमा घरेलु श्रमिकका रूपमा काम गर्ने बालबालिका न्यूनतम अधिकारबाट वञ्चित रहेको तथ्य सार्वजनिक गरेको छ।

सिविसले अघिल्लो वर्ष १२ देखि १७ वर्ष उमेर समूहका १३ बालिका र सात बालक गरी २० घरेलु बालश्रमिकमा अध्ययन गरेको थियो। उक्त अध्ययन प्रतिवेदनमा समेटिएका घरेलु श्रममा संलग्न बालबालिकाको संख्या थोरै भए पनि त्यसमा ती बालबालिकाका आर्थिक, सामाजिक, पारिवारिक सबै पक्षको गहिरो विश्लेषण गरिएको छ।

प्रतिवेदनमा घरेलु श्रममा संलग्न बालबालिकालाई देखाउन भए पनि विद्यालय भर्ना गरिएको, तर पढ्ने समय नदिने गरेको, बालिका यौनजन्य हिंसाको जोखिममा रहेको, लामो समयदेखि परिवारसँग भेट्न र कुरा गर्न नपाएको, जोखिमयुक्त काम गर्नुपर्ने, बिरामी हुँदा उपचार नपाउने र काम गरेबापत कुनै पैसा नपाउने गरेको उल्लेख छ।

सिविसकी महासचिव अनिता पाण्डेले बालहिंसा र दुर्व्यवहार रोकथाम गर्न तीनै तहका सरकार र तिनका निकायले न्यायसंगत ढंगले काम गर्नुपर्नेमा जोड दिइन्।

'बालबालिकाको न्यूनतम अधिकारसमेतको ख्याल नगरी उनीहरूमाथि गरिने अत्याचारको अन्त्य हुनुपर्छ,' उनले भनिन्, 'घरेलु श्रम र मनोरञ्जन क्षेत्रमा बालबालिकाको बढ्दो प्रयोगले हाम्रो नैतिक धरातल कतिको बलियो छ भन्ने मापन गरिरहेको छ। ठुला कुरा गरेर मात्र हुँदैन, व्यवहार बालबालिकामैत्री हुनुपर्छ।' बालबालिकाका हकहितका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था भए पनि उनीहरूमाथि हुने हिंसा तथा दुर्व्यवहार चिन्ताजनक रहेको उनको भनाइ छ। 'परिवारबाट टाढा रहेका बालबालिका यसै पनि मानसिक रूपमा कमजोर भइरहेका हुन्छन्। उनीहरूका कुरा सुनिदिने र बुझिदिने कोही नहुँदा कालान्तरमा उनीहरू एक्लो र गलत संगतमा पनि पुग्छन्,' उनले भनिन्।

पछिल्लो समय मनोरञ्जन क्षेत्रमा बालबालिकाको प्रयोगले बालहिंसा र बालबालिकाको भविष्य संकटमा परिरहेको पनि तथ्यांकले देखाएको छ। क्याबिन रेस्टुरेन्टदेखि होटेल, पार्टी प्यालेस, घरेलु श्रम आदिमा बालबालिकाको प्रयोग बढिरहेको क्लारिसा नेपालको रिपोर्टमा उल्लेख छ। आर्थिक अवस्था कमजोर, पारिवारिक बेमेल, बहुविवाह, स्वास्थ्य, शिक्षाजस्ता समस्याले बालबालिकाहरू घर छाडेर सहर पस्ने गर्छन्। यस्तो अवस्थामा उनीहरू जस्तोसुकै काम गर्नुपर्ने बाध्यतामा हुन्छन्।

नेपाल श्रमशक्ति सर्वेक्षण २००८ अनुसार नेपालमा करिब १६ लाख बालबालिका बालश्रममा थिए। तीमध्ये ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण काममा संलग्न थिए। त्यसको १० वर्षपछि गरिएको नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ अनुसार बालश्रममा संलग्न बालबालिकाको संख्या घटेर १० लाख ८१ हजार पुगेको थियो। तीमध्ये २ लाख २२ हजार बालबालिका जोखिमपूर्ण काममा संलग्न थिए। यसबाट बालश्रम केही घटेको देखिए पनि अपेक्षित रूपमा हटाउन सकिएको छैन। त्यसमध्ये दलित समुदायका बालबालिका २० प्रतिशत श्रमशोषणमा परेका छन्।

दुर्गम तथा सहरभन्दा टाढाबाट बालबालिकालाई पढाउँछु भनेर ल्याउने र पछि घरेलु श्रमिक बनाउने प्रवृत्ति बढ्दो छ। नेपालको संविधानले बालअधिकारको सुनिश्चितता गरेको छ। काममा लगाउनेभन्दा कानुन आकर्षित हुने देखिएपछि पढाउँछु भनेर ल्याउने र पछि काममै लगाउने गरेको भेटिन्छ। दलित, गरिब र सीमान्तीकृत समुदाय यसबाट बढी प्रभावित देखिन्छन्। बालअधिकार हनन हुनु भनेको मानवअधिकारमाथिको प्रश्न भएको राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता डा.टीकाराम पोखरेल बताउँछन्।

'त्यसमाथि दलित, गरिब भनेर गरिने भेदभाव अझ निकृष्ट हो,' उनी भन्छन्, 'हरेक व्यक्तिले आफ्नो देशमा इज्जतका साथ बाँच्न पाउनुपर्छ, त्यसका लागि राज्यका तर्फबाट गरिने नियमन अझ बलियो देखिनुपर्छ।'

मानवअधिकार आयोगमा भने यस्ता विषयमा त्यति धेरै उजुरी परेका छैनन्। आयोगको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१-८२ मा १०५ वटा उजुरी परेको थियो। जसमा बालअधिकारसम्बन्धी ६ वटा उजुरी परेका छन्।

'सुरुमै मानवअधिकार आयोगमा उजुरी लिएर आउने त्यस्तो व्यवस्था छैन, प्रहरी प्रशासनले सहयोग नगर्दा, उजुरी दर्ता गर्न आनाकानी गर्दा आयोगमा आउने हो। त्यसकारण आयोगमा उजुरी कम भएको हो,' प्रवक्ता पोखरेलले भने।

राष्ट्रिय बालश्रम निवारण प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०७९/८०मा बालश्रमसम्बन्धी सबैभन्दा धेरै ४६ वटा उजुरी दर्ता भएका थिए। त्यसैगरी, आर्थिक वर्ष २०७७/७८मा सबैभन्दा कम १२ वटा उजुरी दर्ता भएका थिए। आर्थिक वर्ष २०८०/८१मा अनुगमनका क्रममा ७२ जना बालबालिकाको उद्धार गरिएको थियो। सोही वर्ष ५४ वटा घटनाको मिलापत्र गराइएको, पीडित पक्षलाई १० लाख ४७ हजार २५६ रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको र बालश्रम प्रयोग गर्ने विभिन्न प्रतिष्ठानलाई १ लाख ३७ हजार १०० रुपैयाँ जरिवाना गरिएको थियो।

बालश्रम निवारणका लागि पछिल्लो समय तीनै तहका सरकार लागिपरेका छन्। सरकारले १० बर्से राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) लागू गरी बालश्रम घटाउने लक्ष्य राखेको छ। त्यस्तै, बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ लागू गरी स्थानीय तहलाई बालश्रममुक्त बनाउन अभियान अघि बढाइएको छ।

आर्थिक वर्ष २०८१/८२ सम्म २०४ स्थानीय तहलाई ३ लाख रुपैयाँका दरले बालश्रम निवारणका लागि ससर्त अनुदान दिइएको छ। बालश्रममुक्त घोषणा भइसकेका तीन स्थानीय तहलाई थप २ लाख रुपैयाँका दरले अनुदान उपलब्ध गराइएको छ। हालसम्म कार्यविधिमा तोकिएका सूचक पूरा गरेका १० स्थानीय तह बालश्रममुक्त घोषणा भएका छन्।

राष्ट्रिय बालअधिकार परिषद्का अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म ९९४ जना बालबालिकालाई बालश्रमबाट उद्धार गरिएको छ। उद्धार गरिएका बालबालिकामध्ये ६४० जना बालक र ३५४ जना बालिका रहेका छन्। त्यस्तै, ७५९ जनालाई परिवारमा पुनर्मिलन गराइएको र १७३ जनालाई बालगृह तथा संरक्षण गृहमा पठाइएको छ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार करिब ७७ प्रतिशत बालबालिका बाबुआमा दुवैसँग बस्ने गरेका छन्। त्यस्तै, करिब १७ प्रतिशत बालबालिका आमासँग मात्र बस्ने गरेका छन् भने करिब १ प्रतिशत बालबालिका बाबुसँग मात्र बस्ने गरेका छन्। बाँकी बालबालिका सौतेनी बाबुआमा, नातेदार तथा अन्य व्यक्तिसँग बस्ने गरेको तथ्यांकमा उल्लेख छ।

अभिभावकको साथमा नबस्ने अधिकांश बालबालिका श्रममा पर्ने गरेका छन्। एक त उनीहरूको हेरचाह गर्ने कोही हुँदैनन्, अर्को उनीहरूलाई काम लगाए पनि खोज्दै आउने आफन्त भेटिँदैनन्। सहाराको बहानामा पनि धेरै बालबालिका घरेलु श्रममा प्रयोग हुने सिविसको प्रतिवेदनले देखाउँछ। बाबुआमासँगै बस्न नपाउने बालबालिकाको संख्या तुलनात्मक रूपमा कम भए पनि उनीहरू विभिन्न प्रकारका जोखिममा पर्न सक्ने सम्भावना रहेको जानकारहरूले बताउँदै आएका छन्।

नेपालको संविधानको धारा ३९ले बालबालिकाको हक सुनिश्चित गर्दै उनीहरूलाई कलकारखाना, खानी तथा अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने स्पष्ट व्यवस्था गरेको छ। नेपालको कानुनले पनि १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारमा लगाउन र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउन रोक लगाएको छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ अनुसार १४ वर्षमुनिका बालबालिकालाई जोखिमयुक्त काममा लगाएमा ५० हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। बालश्रम अन्त्य गर्ने विषयमा नेपालले लामो समयदेखि अन्तर्राष्ट्रिय प्रतिबद्धता पनि जनाउँदै आएको छ। नेपालले ३५ वर्षअघि सन् १९९०मै बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुमोदन गरेको थियो। त्यसैगरी, निकृष्ट प्रकारको बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ लाई सन् १९९९मै अनुमोदन गरिसकेको छ। यति लामो समयदेखि कानुनी र अन्तर्राष्ट्रिय प्रतिबद्धता हुँदाहुँदै पनि नेपालमा बालश्रम पूर्ण रूपमा अन्त्य हुन सकेको छैन।

संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी कदम चाल्ने लक्ष्य अघि सारेको थियो। नेपाल पनि यस लक्ष्यप्रति प्रतिबद्ध थियो। तर, अझै बालश्रमको अवस्था उस्तै देखिएको छ। कानुनको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन र बालबालिकाको संरक्षणमा सरकारले थप ध्यान दिनुपर्ने देखिन्छ।

१३ वर्षमै....

१२ घण्टासम्म हलुका काम गर्न पाउने प्रस्ताव गरिएको छ। यस्तो काम बालबालिकाको व्यक्तित्व विकासमा केन्द्रित हुनुपर्ने तथा त्यसबाट उनीहरूको शिक्षा, स्वास्थ्य, सुरक्षा र शारीरिक तथा मानसिक विकासमा असर पर्न नहुने व्यवस्था गरिएको छ।

बालबालिकालाई काममा लगाउँदा उनीहरू स्वयं तथा बाबुआमा वा संरक्षकको सहमति अनिवार्य हुने प्रस्ताव छ। छल, प्रलोभन, डर, दबाब वा अन्य कुनै माध्यमबाट बालबालिकालाई इच्छाविपरीत श्रममा लगाउनसमेत निषेध गरिएको छ।

प्रस्तावित विधेयकअनुसार १८ वर्षमुनिका बालबालिकालाई दिनमा ६ घण्टा र सातामा ३६ घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन। बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्म काममा लगाउन रोक लगाइएको छ।

हरेक तीन घण्टामा कम्तीमा ३० मिनेट आराम र सातामा एक दिन पारिश्रमिकसहितको बिदा दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ। कलकारखाना, खानी तथा जोखिमपूर्ण काममा बालबालिकालाई लगाउन भने पूर्ण रूपमा निषेध गरिएको छ।

विधेयकमा बालश्रमसम्बन्धी कानुन उल्लंघन गर्नेलाई कडा सजायको प्रस्ताव गरिएको छ। कानुनले तोकेको व्यवस्थाविपरीत १५ वर्षमुनिका बालबालिकालाई काममा लगाएमा तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना तथा जोखिमपूर्ण काममा लगाएमा एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था प्रस्ताव गरिएको छ।

संसदलाई...

अस्पष्टता र प्रश्नको जवाफ उनीहरूले दिए। तर, सांसदहरूले यो विषयमा संसदीय छानबिन समिति गठनकै माग राखेको विषयमा समिति निर्णयमा पुग्न सकेन। कारण गृहमन्त्री समितिमा उपस्थित थिएनन्।

संसद् कानुन बनाउने थलो मात्रै होइन, सरकारलाई प्रश्न गर्ने, सरकारी कामको निगरानी गर्ने र राज्यलाई जनताप्रति उत्तरदायी बनाउने संस्था समेत हो। यसलाई सरकारले आफूमाथि उठेका प्रश्नको प्रस्टीकरण दिने थलोको रूपमा समेत सदुपयोग गर्न सक्छ। तर, यसप्रति न सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी गम्भीर छ, न सरकार।

यदि मन्त्रीले संसदीय समितिलाई समय दिए भने संसद् प्रभावकारी हुन्छ। समितिमा सांसदहरूले प्रश्न गर्छन्। मन्त्रीले जवाफ दिन्छन्। जवाफ अस्पष्ट भयो भने सांसदले थप प्रश्न गर्न सक्छन्। तथ्य फरक देखिए तत्काल सच्याउन सकिन्छ। मन्त्रालयको लिखित जवाफ र मौखिक जवाफबीच विरोधाभास देखिए त्यसलाई पनि त्यही संसदीय समितिको बैठकमा स्पष्ट पार्न सकिन्छ। उदाहरणका लागि सार्वजनिक लेखा समितिमा प्रहरी पोसाक खरिदमा अनियमितताको आरोपबारे छलफल भयो। बैठकमा गृह मन्त्रालयअन्तर्गतका अधिकारी र सुरक्षा निकायका प्रमुखहरू उपस्थित भए। गृहमन्त्री अनुपस्थित रहे। त्यहाँ उजुरीमा लगाइएको आरोपमाथि छानबिन समिति गठन गर्नुपर्ने, गृहसचिव र प्रहरी नेतृत्वको जिम्मेवारीसमेत खोस्नुपर्ने आवाज उठ्यो। यदि गृहमन्त्री स्वयं उपस्थित भएको भए सांसदहरूले उठाएका प्रश्नको यी राजनीतिक पक्ष पनि त्यहीँ स्पष्ट हुन्थ्यो। गृहमन्त्री नहुँदा आरोप लागेका मन्त्रालय वा निकायका अधिकारीले एकहोरो जवाफ दिए।

फेरि पनि संसदीय समितिमा मन्त्री अनुपस्थित भइरहे सांसदहरूले प्रश्न गरिरहन्छन्, सरकारी अधिकारीहरूले जवाफ दिइरहन्छन्। संसदीय समिति कुनै निर्देशन वा निष्कर्षमा पुग्न पनि सक्छ। तर, निर्णयको राजनीतिक पाटो भने अधुरै रहन सक्छ।

संसद्लाई नटेर्नेमा अन्य मन्त्रीहरू पनि छन्। ११ साउन २०८३मा प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य सूचना प्रविधि समितिको बैठक अन्तिम समयमा स्थगित भयो। कारण- शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आफू काठमाडौंबाहिर जानुपर्ने भएकाले समितिमा उपस्थित हुन नसक्ने जानकारी गराए। उसो त प्रधानमन्त्री आफैं पनि संसद्प्रति औधी रुचि राख्दैनन्। संसदीय समितिको बैठकमा त प्रधानमन्त्री बालेन एकपटक पनि गएका छैनन्।

निकै लामो समय प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री बालेन खोज्यो। २८ वैशाख २०८३को बैठकमा प्रधानमन्त्री अनुपस्थित रहेको भनेर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसदहरूले बैठक नै बहिष्कार गरे। सुकुम्वासीको बलपूर्वक उठिबास, सुरक्षा प्रशासन र गृह मन्त्रालयसँग सम्बन्धित विभिन्न संवेदनशील विषयमा प्रधानमन्त्रीसँग जवाफ माग गर्नुपर्ने कांग्रेसका सांसदहरूको माग थियो। तर, प्रधानमन्त्री बालेन बैठकमा नगएपछि कांग्रेसले बैठक नै बहिष्कार गरेको हो। तर, यसप्रति बालेनले कुनै वास्ता गरेनन्। त्यसपछि कांग्रेस आफैं पछि हट्यो। पछि अन्य मन्त्रीको उपस्थितिमा राज्य व्यवस्था समितिको बैठक बसे। प्रधानमन्त्री बालेनसहित मन्त्रिपरिषद्का अन्य सदस्यहरूको संसद् र संसदीय समितिको उपस्थिति पनि कमजोर छ। प्रधानमन्त्री बालेन चालू कार्यकालमा बसेका ४३ वटामध्ये सातवटा बैठकमा गएका छन्। अन्य मन्त्रीहरूको उपस्थिति पनि उस्तै कमजोर छ।

अर्थात्, सरकार आफैं संसद् र संसदीय समितिलाई अटेर गरिरहेका छन्। यसलाई लिएर सत्तारुढ दल रास्वपाभित्रैबाट समेत प्रश्न उठ्न थालेको छ।

समस्याको...

नदीको बहाव बढेमा बस्तीका घर र बस्ती नै समेत डुबानको जोखिममा परेका छन्। नदीको कटान रोक्न स्थानीयले बोरामा बालुवा भरेर नाइलनको डोरीले बाँधेर अस्थायी प्रयास गरिरहेको सुस्ता-५ का वडासदस्य एवं सुस्ता बचाउ अभियानका संयोजक आदम खाँले बताए। 'यसरी सामान्य प्रयासले नदी कटान रोक्न सकिँदैन,' उनले भने, 'सरकारले तत्काल नदी किनारमा पक्की संरचनासहित ठूलो बजेटमा काम नगरे सिंगो सुस्ता डुबानमा पर्न सक्छ।'

उनले नदी नियन्त्रणका लागि उच्च प्रविधिसहितको तटबन्ध निर्माण र आवश्यक बजेट तत्काल व्यवस्थापन गर्न सरकारसँग माग गरे। स्थानीय सरकारले बजेट विनियोजन गरेपछि भारतीय पक्षबाट बेला-बखत भइरहने अवरोधका कारण स्थायी संरचना निर्माण गर्न बाधा पुगेको स्थानीयहरू बताउँछन्।

यी लगायत पश्चिम नवलपरासीस्थित सुस्तावासीले वर्षौंदेखि भोग्दै आएका अनेकन पीडाबाट पार पाउन सकेका छैनन्। भारतीय सीमा सुरक्षा (एसएसबी) पक्षबाट बेला-बखत भइरहने अवरोधका कारण स्थायी संरचना निर्माण हुन सकेको छैन। विवादित भूमिमा राज्यले सहज लगानी गर्न सक्ने अवस्था समेत बनेको छैन।

स्थायी बाँध बनाउन नपाउँदा प्रत्येक वर्ष यस क्षेत्रका नागरिकले नारायणी नदीको कटान र डुबान खेपिरहेका छन्। सुस्ता गाउँपालिका-५ फेरि डुबानको जोखिममा परेको हो। केही दिनदेखि निरन्तर नदी कटान भइरहेकाले त्रास बढेको स्थानीयवासीहरू बताउँछन्। दुई हप्ता लगाएर निर्माण गरेको बाँध बाढीले भत्काएको हो।

पटक-पटक भारतीय सीमा सुरक्षाबल (एसएसबी)को त्रास खेपेर बसेका यहाँका नागरिकले हरेक वर्ष प्राकृतिक प्रकोपका कारण पीडा भोग्न बाध्य भएका हुन्। यसअघि जेठ २९ गते नारायणी नदीमा १३२ मिटर तटबन्ध निर्माण गर्न खोज्दा भारतीय सुरक्षाकर्मीले रोक लगाएपछि स्थानीय र भारतीय सुरक्षाकर्मीबीच विवाद भएको थियो। तटबन्ध निर्माणका लागि १ करोड ४० लाख रुपैयाँ विनियोजन भए पनि भारतीय पक्षको अवरोधकै बीच स्थानीयले अस्थायी तटबन्ध निर्माण गरेका थिए।

भरतपुरस्थित जलउत्पन्न प्रकोप नियन्त्रण केन्द्रको समन्वयमा निर्माण गरिएको अस्थायी बाँध नदी कटानसँगै बग्न थालेपछि समस्या थपिएको नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बताएका छन्। प्रजिअ नेपालले सुस्ताको स्थलगत अनुगमन गरेका थिए। उनले बाढी बस्तीमा पसेको अवस्थामा स्थानीयलाई कसरी सुरक्षित स्थानमा लैजाने र सुरक्षा व्यवस्थापन गर्ने भन्ने विषयमा आवश्यक निर्देशन र समन्वय गरिएको बताए। 'अहिले बाढी रोकथामको काम पनि भइरहेको र नदीको बहावबाट कटान पनि जारी छ,' उनले भने, 'कटान बढ्यो भने थारू टोलका करिब ३५ देखि ४० घर जोखिममा पर्ने छन्। त्यस्तो अवस्थामा वैकल्पिक स्थानमा बस्ती स्थानान्तरण गर्नुपर्ने हुन्छ।'

सीमामा...

बताउँछन्। सुस्तावासीले नागरिकता, स्वास्थ्य, शिक्षा र रोजगारको समस्या पनि उस्तै छ। नागरिकता कुर्दाकुर्दै कतिपयको उमेर समेत ढल्किसकेको छ, तर नागरिकता पाएका छैनन्। त्यस्तै, सुस्तावासी हजारौं नागरिकहरूले लालपुर्जा समेत पाउन सकेका छैनन्। सुस्ता क्षेत्रका नागरिकले सांसद तथा स्थानीय जनप्रतिनिधि पुग्नेबित्तिकै घेरा हालेर आफ्ना समस्या सुनाउने गरेका छन्। यद्यपि, अहिलेसम्म सुस्तावासीका दीर्घकालीन समस्याहरू समाधान हुन सकेका छैनन्। यहाँका करिब २२ हजार हाराहारीका नागरिकले लालपुर्जा पाउन नसकेको तथ्यांक छ।

कोहीले सुरक्षा त्रास, कोहीले नागरिकता, कोहीले लालपुर्जा, कोहीले शिक्षा, स्वास्थ्य, डुबानलगायत समस्याहरूबाट जुध्दै आएका सुस्तावासीका समस्या सीमा विवाद नटुंगिएसम्म समाधान हुने बाटो सहज नभएको स्थानीय प्रशासनले बताउँछ।

१५ बुँदे ...

साथ निरन्तरता दिनुपर्नेमा जोड दिएको बताएको छ। संघले आफ्नो आन्दोलनप्रति सञ्चार क्षेत्र, नागरिक समाज, विभिन्न व्यावसायिक संस्था तथा श्रमिकहरूबाट समर्थन र ऐक्यबद्धता जनाएको बताएको छ। महासचिव डाँगीले केही म्यानपावर कम्पनीबाट पूर्वस्वीकृति लिएको देखिएपछि ती म्यानपावर कम्पनीलाई स्पष्टीकरण सोधिएको भन्दै आइतबारदेखि टोली नै गठन गरेर अनुगमन गरिने मध्यान्ह दैनिकलाई जानकारी दिए। संघको आह्वानमा हालसम्म ८ सय म्यानपावर कम्पनीले श्रमिक नउडाउने र श्रम स्वीकृति पनि नलिने प्रतिबद्धता जनाएका छन्। संघले आन्दोलन अगाडि बढाउन प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। संघले वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित समसामयिक विषयहरू, इजाजतपत्रवाला संस्थाहरूलाई विभागले गरेको कारबाही, वैदेशिक रोजगार क्षेत्रमा देखिएका विकृति तथा गलत गतिविधिहरू, नेपाली श्रमिक तथा व्यवसायीका हकहितसँग सम्बन्धित नीतिगत सुधारका विषयहरूमा तत्कालै सम्बोधन हुनुपर्ने भन्दै १५ वटा माग अगाडि सारेको छ।

वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन विशेष परिस्थितिमा सरकारको निर्णय मान्दा विभिन्न मितिमा ७६१ म्यानपावर कम्पनीलाई विभागद्वारा गरिएको कारबाही अविलम्ब फिर्ता गर्नुपर्ने माग संघले राखेको छ।

त्यस्तै, सेवा शुल्क परिमार्जन र हवाई भाडामा भ्याटमा छुटका मुख्य मागमा सरकारले ठोस काम गर्नुपर्ने संघको अडान छ। नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्र सुधार नहुने संघको भनाइ छ।

प्रगतिशील...

आकांक्षी उम्मेदवारहरूबीच छलफल सुरु गरेपछि निर्वाचन समितिले आइतबार बिहान १० बजेसम्मका लागि निर्वाचनका काम स्थगित गरेको सूचना जारी गरेको थियो। निर्वाचनका बाँकी काम लर्ड पार्टी भेन्यू, धुम्बाराहीमा हुने निर्वाचन समितिले जनाएको छ।

मञ्चको उपाध्यक्षमा मदन पौडेल, महासचिवमा राजेन्द्र अधिकारी र सोमबहादुर तामाङ तथा उपमहासचिवमा दण्डपाणि भट्टराई 'दिलीप'को उम्मेदवारी दर्ता भएको भए पनि सहमति गर्दा उम्मेदवारी दिएको भन्दा फरक पदमा निर्वाचित हुनुपर्ने अवस्था आउन सक्ने भन्दै उम्मेदवारको नाम नै सार्वजनिक नगरिएको बताइएको छ।

कार्यसमिति सदस्यहरू निर्विरोध भएको भए पनि नाम सार्वजनिक नगरी गोप्य नै राखिएको बताइएको छ।

अधिवेशनको उद्घाटन गत शुक्रबार नेकपा एमालेका केन्द्रीय सदस्य तथा पूर्वश्रममन्त्री कृष्णकुमार श्रेष्ठ 'किसान'ले गरेका थिए।

ग्यास वितरण केन्द्रमा घण्टौं लाइन पालो आउँदा पनि सिलिन्डर रित्तै

काठमाडौं/मस– खाना पकाउने एलपी ग्यासको अभाव चर्किएपछि नेपाल आयल निगमले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट अत्यावश्यक उपभोक्ताका लागि ग्यास बिक्री-वितरण थाले पनि सर्वसाधारणले सहज रूपमा ग्यास पाउन सकेका छैनन् ।

ग्यास लिन बिहानैदेखि बिक्री केन्द्रमा पुगेका उपभोक्ताहरू लामो समयसम्म लाइनमा बस्नुपरेको र पालो आएपछि समेत ग्यास नपाएको गुनासो गरेका छन् । बबरमहलस्थित बिक्री केन्द्रमा दिनभर लाइनमा बसेका केही उपभोक्ताले वितरण केन्द्रमै ग्यास सकिएपछि ग्यास आउने आशामा कुरेर बस्नुपरेको बताएका छन् ।

एलपी ग्यासको अभाव भएपछि निगमले जिल्ला प्रशासन कार्यालय काठमाडौंसँगको समन्वयमा शनिबार टेकुस्थित निगम परिसर, चाबहिलस्थित यातायात कार्यालय परिसर, कीर्तिपुर र बसुन्धरास्थित राधास्वामी परिसर तथा बबरमहलस्थित पुरानो जिल्ला प्रशासन कार्यालय परिसरबाट ग्यास वितरण गरेको थियो ।

निगमका अनुसार शनिबार उपत्यकाका पाँच बिक्री केन्द्रबाट विभिन्न ब्रान्डका ६ हजार ८ सय २ सिलिन्डर एलपी ग्यास बिक्री-वितरण गरिएको थियो । बिक्री केन्द्रअनुसार फरक-फरक ब्रान्डका ग्यास उपलब्ध गराइएको थियो ।

निगमका कर्मचारी भीमप्रसाद पौडेलका अनुसार बबरमहलस्थित बिक्री केन्द्रमा मात्रै ग्यास लिन एक हजारभन्दा बढी उपभोक्ता पुगेका थिए । बिहानदेखि नै ठूलो संख्यामा उपभोक्ता लाइनमा रहेको उनले बताए ।

निगमले बिहान १० बजेदेखि साँझ ६ बजेसम्म ग्यास वितरण गर्ने व्यवस्था गरेको थियो। बबरमहल केन्द्रबाट काठमाडौंका जुनसुकै क्षेत्रका अत्यावश्यक उपभोक्ताले ग्यास लिन सक्ने व्यवस्था गरिएको थियो ।

वितरणका क्रममा केही ब्रान्डका ग्यास सिलिन्डर अपुग भएपछि समयमै बिक्री केन्द्रमा उपस्थित भएका उपभोक्तालाई कुपनमार्फत भोलिपल्ट पहिलो प्राथमिकतामा राखी ग्यास उपलब्ध गराउने व्यवस्था गरिएको निगमले जनाएको छ ।

यसैबीच, निगमले आइतबार काठमाडौं उपत्यकाका थप सात बिक्री केन्द्रबाट अत्यावश्यक उपभोक्ताका लागि एलपी ग्यास बिक्री-वितरण गर्ने जनाएको छ । टेकु परिसरबाट नेपाल, एचपी, एभरेस्ट, सुगम, श्रीराम र सागर ब्रान्डका ग्यास बिक्री गरिनेछ ।

त्यस्तै पशु सेवा शाखा, चापली, बूढानीलकण्ठबाट नेपाल, एचपी र मनु; राधास्वामी परिसर, कीर्तिपुरबाट नेपाल, एचपी, एभरेस्ट, श्रीकृष्ण, साईबाबा र श्रीमाया; नयाँ बजार/नयाँ बानेश्वर होटल परिसरबाट नेपाल, एचपी र ओम तथा पुरानो जिल्ला प्रशासन कार्यालय परिसर, बबरमहलबाट नेपाल र एचपी ब्रान्डका ग्यास बिक्री गरिने निगमले जनाएको छ ।

चन्द्रागिरि नगरपालिका कार्यालयबाट लोकप्रिय, नेपाल, एचपी र श्रीमाया तथा राष्ट्रिय आयुर्वेद केन्द्र, कीर्तिपुरबाट नेपाल, एचपी, सूर्य, एभरेस्ट, सुगम र एसटीसी ब्रान्डका ग्यास बिक्री-वितरण गरिनेछ ।

निगमले एलपी ग्यासको आयात नियमित रूपमा भइरहेको जनाएको छ। बिक्री-वितरणलाई सहज बनाउन सम्बन्धित व्यवसायीलाई आफ्ना विक्रेतामार्फत नियमित रूपमा ग्यास बिक्री गर्न अनुरोधसमेत गरेको छ ।

निगमले ग्यासको कालोबजारी, लुकाउने तथा अनावश्यक रूपमा भण्डारण गर्ने कार्यविरुद्ध अनुगमन तीव्र पारिएको जनाएको छ। त्यस्ता गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउने गरी अनुगमन भइरहेको निगमका कर्मचारी पौडेलले बताए ।

निगमले अत्यावश्यक परेका उपभोक्तालाई मात्र तोकिएको बिक्री केन्द्र र समयमा उपस्थित भएर ग्यास खरिद गर्न आग्रह गरेको छ । ग्यास लिन जाने उपभोक्ताले नागरिकता वा राष्ट्रिय परिचयपत्र अनिवार्य रूपमा साथमा ल्याउनुपर्ने व्यवस्था गरिएको छ ।

हेटौंडा कपडा उद्योगसँगै कपास खेती विस्तार गरिने

काठमाडौं/मस– हेटौंडा कपडा उद्योग सञ्चालनमा आएसँगै नेपालमै आवश्यक पर्ने कपास उत्पादन बढाउन उद्योगमन्त्री गौरीकुमारी यादवले व्यवसायी तथा निजी क्षेत्रलाई कपास खेतीमा लगानी गर्न आह्वान गरेकी छिन् ।

कपडा उद्योगका लागि आवश्यक कच्चा पदार्थका रूपमा रहेको कपास ठूलो मात्रामा आयात गर्नुपर्ने अवस्था अन्त्य गर्दै स्वदेशमै उत्पादन बढाउने उद्देश्यले मन्त्री यादवले निजी क्षेत्रलाई कपास खेतीतर्फ आकर्षित हुन आग्रह गरिन् । मन्त्री यादवले कृषि मन्त्री गीता चौधरीसँग भेट गरी नेपालमा कपास खेती विस्तारका विषयमा समेत छलफल गरेकी थिइन् । छलफलका क्रममा कृषि मन्त्री चौधरीले दाङ, बाँके, बर्दियालगायतका जिल्लामा कपास खेतीका लागि उपयुक्त वातावरण रहेको बताएका थिए ।

नेपालमा कपास खेतीको पर्याप्त सम्भावना भए पनि व्यावसायिक रूपमा ठूलो क्षेत्रफलमा खेती हुन नसक्दा कपडा उद्योगका

लागि आवश्यक कच्चा पदार्थ आयातमा निर्भर रहनुपर्ने अवस्था छ । सरकारले कपडा उद्योगसँगै कपास उत्पादनलाई प्राथमिकता दिए आयात प्रतिस्थापन, रोजगारी सिर्जना तथा किसानको आम्दानी वृद्धि गर्न सकिने अपेक्षा गरेको छ ।

यसैबीच, लामो समयदेखि बन्द रहेको बुटवल धागो कारखाना पुनः सञ्चालन गर्ने प्रक्रिया पनि अगाडि बढेको उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतले जानकारी दिएका छन् ।

उनका अनुसार कारखाना सञ्चालनका लागि आवश्यक सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । हेटौंडा कपडा उद्योग सञ्चालनसँगै आवश्यक कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्ने र बुटवल धागो कारखानालाई समेत पुनः सञ्चालनमा ल्याउने तयारीले नेपालमा कपासदेखि धागो हुँदै कपडासम्मको उत्पादन शृंखला निर्माण गर्ने सम्भावना बढेको छ ।

मन्त्री यादवले स्वदेशी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ नेपालमै उत्पादन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने बताउँदै आएकी छिन् । कपास खेती विस्तारमार्फत विदेशी कपासको आयात घटाउने, स्वदेशी उत्पादन बढाउने र रोजगारीका अवसर सिर्जना गर्ने सरकारको लक्ष्य रहेको बताइएको छ ।

कतारमा झल्कियो सिंगो नेपाल

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ३० साउन

कतारमा रहेका जनजातिहरूले मौलिक संस्कृति, पहिचान र परम्पराको भव्य प्रदर्शनसहित ३२औं विश्व आदिवासी दिवस मनाएका छन् । अल वकिरस्थित डिपिएस मोनार्क स्कुलको सभा हल शुक्रबार 'सिंगो नेपाल' झल्किने गरी सजिएको थियो । नेपाल आदिवासी जनजाति महासंघ कतार शाखा, महासंघमा आबद्ध मातृ संस्थाहरू तथा केही अन्य सामुदायिक संस्थाहरूको संयुक्त आयोजनामा 'प्राप्त अधिकारको रक्षा आजको आवश्यकता, पहिचानसहितको समावेशी र न्यायपूर्ण नेपाल निर्माणमा हाम्रो साझा प्रतिबद्धता' भन्ने मूल नाराका साथ दिवस मनाइएको हो ।

कार्यक्रम स्थलमा प्रवेश गर्ने बित्तिकै विभिन्न जातजातिका मौलिक भेषभूषा, भाषा, संस्कार, संस्कृति र परम्पराले नेपालको बहुरंगी पहिचानलाई जीवन्त बनाएको अनुभूति हुन्थ्यो । सभा हलको आकर्षक सजावटले 'मिनी नेपाल'को झल्को दिएको थियो भने विभिन्न समुदायका सहभागी आफ्ना मौलिक पोसाकमा सजिएर उपस्थित भएका थिए । कार्यक्रमको मूल प्रवेशद्वारमै महासंघ कतार शाखाका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष राकेश श्रेष्ठ, प्रमुख अतिथि नेपाली राजदूतावास कतारका प्रथम सचिव अमर राई, गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीलगायतका अतिथि तथा पाहुनालाई फूल, खादा र मालासहित भव्य स्वागत गरिएको थियो ।

विदेशको भूमिमा आयोजित भए पनि कार्यक्रम स्थलमा देखिएको

मौलिकता, आत्मीयता र सांस्कृतिक विविधताले सहभागीलाई केही समयका लागि कतारमा नभई नेपालमै रहेको अनुभूति गराएको थियो । हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्मका विभिन्न समुदायका भाषा, भेष भूषा, संस्कार, परम्परा र संस्कृति एउटै मञ्चमा प्रस्तुत हुँदा कार्यक्रम साँच्चिकै 'सिंगो नेपाल अटेको' सांस्कृतिक उत्सवजस्तो देखिन्थ्यो । नेपालीपनप्रतिको माया र आफ्नो पहिचानप्रतिको गर्वले कार्यक्रमको वातावरणलाई थप भावनात्मक बनाएको थियो ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, समाजसेवी, विभिन्न मातृ संस्थाका पदाधिकारी तथा विभिन्न जातजाति र समुदायका नेपालीहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा विभिन्न मातृ संस्थाले आफ्ना मौलिक झाँकी तथा सांस्कृतिक प्रस्तुति प्रस्तुत गरे । ती प्रस्तुतिमार्फत सम्बन्धित समुदायका भाषा, भेष भूषा, संस्कार, परम्परा र संस्कृति झल्काइएको थियो ।

विभिन्न कलाकारका सांगीतिक प्रस्तुतिले कार्यक्रमलाई थप मनोरञ्जनात्मक बनाएको थियो । हरेक सांस्कृतिक प्रस्तुतिको पृष्ठभूमि, त्यसको मौलिकता र समुदायसँगको सम्बन्धबारे समेत जानकारी गराइएको थियो । कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष भाइ काजी गुरुङले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सहजीकरण हरिबहादुर महतो र सांस्कृतिक संयोजक कमल सुनुवारले गरेका थिए । कार्यक्रम संयोजक एकराज राईले विश्व आदिवासी दिवसको ऐतिहासिक पृष्ठभूमि र कार्यक्रमको उद्देश्यबारे जानकारी गराउँदै नेपाल आदिवासी जनजाति महासंघले स्थापना कालदेखि नै हरेक वर्ष अगस्ट ९ अर्थात् विश्व आदिवासी दिवस मनाउँदै आएको बताए । संयुक्त राष्ट्रसंघको महासभाले २३ डिसेम्बर १९९४ मा प्रस्ताव नं. ४९/२१४ पारित गर्दै प्रत्येक वर्ष ९ अगस्टलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार सन् १९९५ देखि विश्व आदिवासी दिवस मनाउन थालिएको उनले जानकारी गराए ।

महासंघका प्रमुख सल्लाहकार डीएन मगरले आदिवासी जनजातिसँग सम्बन्धित संस्थाहरूको आवश्यकता, महत्त्व र उद्देश्यबारे स्पष्ट पारे । उनले संस्थागत एकता, सामूहिक पहिचान तथा अधिकार संरक्षणसँगै मौलिक भाषा, संस्कृति, संस्कार र परम्पराको संरक्षणमा यस्ता संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुने धारणा राखे । प्रवासमा रहेका नेपाली समुदायलाई आफ्नो पहिचानसँग जोडिराख्न र भावी पुस्तालाई मौलिक संस्कृति हस्तान्तरण गर्न संस्थागत प्रयास आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रमका प्रमुख अतिथि राईले कतारमा रहेर पनि नेपाली मौलिकता, संस्कृति र पहिचानको संरक्षण गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्ने कार्य प्रशंसनीय रहेको बताए । कार्यक्रममा सम्बोधन गर्दै उनले कतारमा आयोजित कार्यक्रमले आफूलाई विदेशमा नभई नेपालमै रहेको अनुभूति गराएको बताए ।

राईले कार्यक्रमको सफल आयोजनाका लागि महासंघ कतारसहित सहभागी सम्पूर्ण संघसंस्था, समाज, परिषद्, प्रादेशिक तथा जिल्ला समितिहरूप्रति धन्यवाद व्यक्त गरे । विदेशमा रहेर पनि नेपालीहरूले आफ्नो मौलिकता र नेपालीपनलाई निरन्तरता दिइरहेको उल्लेख गर्दै उनले त्यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु सकारात्मक पक्ष भएको बताए ।

नेपाली राजदूतावास कतारमा रहेका नेपालीहरूको अभिभावक र नेपालसँग जोडिने नजिकको घर भएको उल्लेख गर्दै राईले कुनै पनि आपत-विपत् वा समस्या पर्दा निःसंकोच राजदूतावासमा आउन आग्रह गरे । नेपालीका लागि दूतावासको ढोका सधैं खुला रहने प्रतिबद्धता व्यक्त गर्दै उनले ३२औं विश्व आदिवासी दिवसको अवसरमा कतारमा रहेका सम्पूर्ण नेपालीलाई शुभकामना दिए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष श्रेष्ठले प्रवासमा रहेर पनि नेपालीहरूको मौलिक पहिचान, भाषा, धर्म, संस्कार, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्धनका लागि महासंघले निरन्तर काम गर्दै आएको बताए । रोजगारीका क्रममा कतारमा व्यस्त रहे पनि आफ्नो देश, माटो, संस्कृति र पहिचानप्रतिको माया कायम राख्न महासंघले विभिन्न जातीय समुदायलाई एउटै प्लेटफर्ममा जोड्दै आएको उनले बताए ।

अगस्ट ९ मा मनाइने विश्व आदिवासी दिवस कतारको कानुनी व्यवस्था र कार्य समयका कारण यस वर्ष शुक्रबार अर्थात् अगस्ट १४ मा आयोजना गरिएको उनले स्पष्ट पारे । कार्यक्रममा सहभागी प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधि र समुदायका सदस्यप्रति आभार व्यक्त गर्दै श्रेष्ठले नेपाली राजदूतावासलाई अभिभावकका रूपमा सम्मान गर्दै कतार सरकारका नियम तथा कानुनको पूर्ण पालना गर्दै महासंघ अघि बढिरहेको बताए ।

कतारमा नेपाली समुदायको हित, सामाजिक एकता, संस्कृति संरक्षण तथा नेपाललाई चिनाउने कार्यमा आगामी दिनमा पनि सबैसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने प्रायोजक, व्यवसायी, विभिन्न संघसंस्था तथा डिपिएस मोनार्क स्कुलको सम्पूर्ण टोलीप्रति धन्यवाद ज्ञापन गरे ।

मौलिक भेषभूषा, भाषा, संस्कार, संस्कृति, झाँकी, गीत-संगीत र परम्परागत प्रस्तुतिले भरिएको कार्यक्रमले प्रवासमा रहेका नेपालीलाई आफ्नो माटो र पहिचानसँग भावनात्मक रूपमा जोडेको थियो । कतारको भूमिमा केही घण्टाका लागि भए पनि नेपालीपनको सामूहिक अनुभूति गराउने उक्त कार्यक्रमले 'जहाँ रहे पनि मन त नेपाली हो' भन्ने भावनालाई जीवन्त बनाएको थियो ।

धापाखेलको नागदहमा नागपञ्चमी मेलाको तयारी पूरा

दीपकप्रसाद घिमिरे/मध्यान्ह
ललितपुर, ३१ साउन

ललितपुर महानगरपालिका-२४, धापाखेलस्थित ऐतिहासिक तथा धार्मिक सम्पदा नागदहमा आगामी भदौ १ गते लाग्ने नागपञ्चमी मेलाको सम्पूर्ण तयारी पूरा भएको छ । नागपञ्चमी पर्वको तयारीका विषयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा नागदह विकास तथा संरक्षण समितिका अध्यक्ष एवं वडाध्यक्ष दिनेशजंग पाण्डेले मेलाको तयारी पूरा भएको जानकारी दिएका हुन् । उनले नागदहको विकास, सिमसार क्षेत्र संरक्षण तथा नागपञ्चमी मेलासहित यसको धार्मिक, पौराणिक र वातावरणीय महत्वबारे जानकारी गराएका थिए ।

ऐतिहासिक, धार्मिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण ५२ रोपनी क्षेत्रफलमा फैलिएको नागदहलाई काठमाडौं उपत्यकाकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य रहेको वडाध्यक्ष पाण्डेले बताए । तीव्र सहरीकरणका बीच 'पृथ्वीको

मिर्गौला' मानिने सिमसार क्षेत्र तथा जलचरहरूको जैविक विविधता संरक्षणका लागि दहमा ढल तथा फोहोर मिसिन नदिने, निकास व्यवस्थापन गर्ने र वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको उनले जानकारी दिए ।

यस वर्षको नागपञ्चमी मेलालाई थप व्यवस्थित, स्वच्छ र भव्य बनाउन प्रचारप्रसार, सुरक्षा, सरसफाइ, गंगा आरती, पूजा तथा बजार व्यवस्थापन, प्रसाद व्यवस्थापनलगायत ११ वटा विषयगत उपसमिति गठन गरी जिम्मेवारी बाँडफाँड गरिएको प्रचारप्रसार उपसमिति संयोजक एवं वडा सदस्य इन्द्रा श्रीस रानाले बताइन् । वडा कार्यालयले नागदह, सन्तानेश्वर, बज्रबाराही र नागेश्वर धामलाई जोडेर नयाँ धार्मिक पर्यटकीय रुट निर्माण गर्ने योजनासमेत अघि बढाएको छ। अध्यक्ष पाण्डेले नागपञ्चमीका दिन नागदहमा पूजाआजा गरी पुण्यलाभ लिन सम्पूर्ण भक्तजन तथा पर्यटकलाई निमन्त्रणा गर्दै नागदहको दीर्घकालीन विकास र सौन्दर्यीकरणमा सहयोग पुऱ्याउन सञ्चार जगत्लाई आग्रह गरेका छन् ।

पत्रकार सम्मेलनमा समितिका उपाध्यक्षद्वय पूर्वगाविस अध्यक्ष गणेशमान महर्जन र संस्कृति मन्त्रालयका पूर्वसचिव केदारबहादुर अधिकारी, सचिव देवराज लामिछाने, कोषाध्यक्ष धनेश गिरी, सहकोषाध्यक्ष कमला माली, सहसचिव महेश गिरी, समितिका पदेन सदस्य एवं वडासदस्यहरू इन्द्रा श्रीश, निशा मालबुल, उद्धव बस्नेत, हरिकृष्ण महर्जनलगायतको उपस्थिति थियो ।

उपप्रमुख पटेलले सम्हालिन् कार्यवाहकको जिम्मेवारी

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, ३० साउन

रौतहटको देवाही गोनाही नगरपालिकाकी उपप्रमुख परिनिया देवी पटेलले लगातार दोस्रो कार्यकालमा पनि कार्यवाहक नगरप्रमुखको जिम्मेवारी पाएपछि स्थानीयस्तरमा उनलाई 'अहो भाग्यमानी' भन्दै चर्चा गर्न थालिएको छ । नगरप्रमुख प्रेमलाल साह कानु दल त्यागका कारण पदमुक्त भएपछि उपप्रमुख पटेलले पुनः नगरपालिकाको नेतृत्व सम्हाल्ने अवसर पाएकी हुन् ।

२०७४ सालको स्थानीय तह निर्वाचनमा नेकपा माओवादी केन्द्रबाट उपप्रमुख निर्वाचित भएकी पटेलले पहिलो कार्यकालमै तत्कालीन नगरप्रमुख धर्मेन्द्र पटेल निलम्बनमा परेपछि लामो समय कार्यवाहक नगरप्रमुखका रूपमा काम गरेकी थिइन् । तत्कालीन नगरप्रमुख धर्मेन्द्र पटेललाई २०७८ फागुन १५ गते भवन निर्माणको भुक्तानीबापत घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेको थियो । उनी धरौटीमा रिहा भए पनि मुद्दा किनारा नलागेकाले २०७९ को निर्वाचनसम्म परिनिया देवीले नै कार्यवाहक नगरप्रमुखका रूपमा नगरपालिकाको कार्यसम्पादन सम्हालेकी थिइन् ।

२०७९ को निर्वाचनमा नेकपा एमालेबाट पुनः उपप्रमुखमा निर्वाचित पटेलको दोस्रो कार्यकालमा पनि उस्तै परिस्थिति दोहोरिएको छ । एमालेबाट निर्वाचित नगरप्रमुख प्रेमलाल साह कानु र वडा नम्बर ४ का अध्यक्ष रामप्रवेश प्रसाद कुर्मी आम जनता पार्टीमा आबद्ध भएपछि निर्वाचन आयोगले २०८३ साउन १५ गते उनीहरूको पद स्वतः समाप्त भएको सूचना प्रकाशित गरेको थियो । राजनीतिक दलसम्बन्धी कानुनअनुसार दल त्याग गरेपछि पद रिक्त हुने व्यवस्थाबमोजिम उनीहरू पदमुक्त भएका हुन् ।

नगरप्रमुख पदमुक्त भएपछि शुक्रबार कार्यवाहक नगरप्रमुखको पदभार ग्रहण गर्दै पटेलले संविधानले सुनिश्चित गरेको स्थानीय स्वायत्तता, समावेशिता र भेदभावरहित सेवा प्रवाहको मर्मअनुसार काम गर्ने प्रतिबद्धता जनाइन् । उनले विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा कुनै राजनीतिक दल वा समूहप्रति भेदभाव नगरी सबैको साथ र सहभागितामा काम गर्ने बताइन् ।

'नगरपालिकाको विकासका लागि जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज तथा स्थानीयवासीबीच सहकार्य र समन्वय आवश्यक छ। नगरवासीको हितलाई प्राथमिकतामा राखेर काम अघि बढाइनेछ,' पटेलले भनिन् ।

पदभार ग्रहण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पवनकुमार केसरी, वडा नम्बर १ की अध्यक्ष सफिना खातुन, वडा नम्बर २ का अतिकुर रहमान, वडा नम्बर ३ का सञ्जय पटेल, वडा नम्बर ६ का विष्णुकुमार दास, वडा नम्बर ७ का उपेन्द्र राय यादव, वडा नम्बर ८ का विजय पटेल, वडा नम्बर ९ का वीरबहादुर साह लगायत जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी निरीक्षक तेजप्रसाद भट्टराईको उपस्थिति थियो ।

लगातार दुई कार्यकालमा नगरप्रमुखको पद रिक्त हुँदा दुवैपटक उपप्रमुख परिनिया देवी पटेलले नै कार्यवाहक नगरप्रमुखको जिम्मेवारी पाउनु संयोग मात्र नभई देवाही गोनाहीमा चर्चाको विषय बनेको छ। स्थानीयस्तरमा यही कारण उनलाई 'अहो भाग्यमानी' उपप्रमुखका रूपमा समेत चर्चा गर्न थालिएको छ ।

२४ घण्टामा विपद्बाट १३ जनाको मृत्यु, ५ बेपत्ता

काठमाडौं/मस– नेपालमा मनसुनी विपद् तथा अन्य प्राकृतिक प्रकोपका कारण पछिल्लो २४ घण्टामा १३ जनाको मृत्यु भएको छ भने ५ जना बेपत्ता भएका छन् ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको बुलेटिनअनुसार पछिल्लो २४ घण्टामा देशका ४३ जिल्लामा ५२ वटा विपद्का घटना भएका छन् । ती घटनामा ४३ जना घाइते भएका छन् ।

प्राधिकरणका अनुसार विपद्का कारण देशभर १२ स्थानमा सडक आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ भने ५ वटा

चौपायाको क्षति भएको छ । विपद्का घटनाबाट करिब ६ लाख ४७ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको अनुमान गरिएको छ ।

विपद् प्रतिकार्य तथा उद्धारका लागि देशभर २ सय ६१ जना प्रहरी जनशक्ति परिचालन गरिएको र २ जनाको सकुशल उद्धार गरिएको प्राधिकरणले जनाएको छ । पछिल्लो २४ घण्टामा पहिरोबाट मात्रै १० जनाको मृत्यु भएको छ भने १२ स्थानमा सडक अवरुद्ध भएका छन् ।

चालु आर्थिक वर्ष २०८३ वैशाख १ गतेदेखि साउन २९ गतेसम्म देशभर ४ हजार ६ सय ५९ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी हालसम्म २ सय २९ जनाले ज्यान गुमाएका छन् भने ९ जना अझै बेपत्ता रहेका छन् ।

उक्त अवधिमा १ हजार ४ सय ६३ जना घाइते भएका छन् भने ५ हजार ७ सय ९ परिवार प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। यस अवधिमा सबैभन्दा बढी मानवीय क्षति सर्पदंश र पहिरोका कारण भएको प्राधिकरणको तथ्यांकले देखाएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

संसद्‌लाई नटेर्ने सरकार

संसद् कानुन बनाउने थलो मात्रै होइन, सरकारलाई प्रश्न गर्ने, सरकारी कामको निगरानी गर्ने र कार्यकारीलाई जनताप्रति उत्तरदायी बनाउने सर्वोच्च राजनीतिक मञ्च हो । संसदीय समितिहरू त्यसको महत्वपूर्ण अभ्यासस्थल हुन् । तर, पछिल्ला घटनाले सरकार स्वयं संसद्‌को यो भूमिकाप्रति गम्भीर नभएको देखाउँदछ । प्रधानमन्त्री वालेन्द्र शाह एक पटक पनि संसदीय समितिका बैठकमा उपस्थिति भएका छैनन् । सरकारका प्रवक्तासमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नभ्याउने भनेपछि ११ साउन २०८३मा प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य सूचना प्रविधि समितिको बैठक अन्तिम समयमा स्थगित भयो । यी घटनालाई प्रधानमन्त्रीको व्यस्तताको विषय भनेर पन्छाउन मिल्दैन । मन्त्री मन्त्रालयका राजनीतिक प्रमुख हुन् । मन्त्रालयबाट भएका निर्णय, नीति, बजेट कार्यान्वयन र प्रशासनिक कामको अन्तिम राजनीतिक जिम्मेवारी मन्त्रीकै हुन्छ । त्यसैले संसदीय समितिमा सचिव वा कर्मचारी उपस्थित हुँदैमा प्रधानमन्त्री/मन्त्रीको अनुपस्थितिको पूर्ति हुँदैन । तर यसलाई ख्याल गरेको पाइँदैन ।

गत बिहीबार प्रतिनिधिसभाअन्तर्गतको कृषि तथा प्राकृतिक स्रोत समितिमा 'जैविक तथा प्रांगारिक मलको प्रयोगको अवस्था, माटोको स्वास्थ्य र दिगो कृषि विकासमा यसको सम्भाव्यता' सम्बन्धमा छलफल थियो । बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी आमन्त्रित थिइन् । तर, उनी गइनन् । गत बुधबार प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरीको पोसाक तथा अन्य सामग्री खरिदमा अनियमितता भएको भनेर समितिमा परेको उजुरीका विषयमा छलफल थियो । जहाँ गृहमन्त्री सुधन गुरूङ आमन्त्रित थिए । तर, गृहमन्त्री गुरूङ अनुपस्थित रहे । मन्त्री उपस्थित नहुँदा ती संसदीय समितिको बैठकमा सांसदले नीतिगत प्रश्न सोध्न पाएनन् । मन्त्री भएको भए सांसदहरूले राजनीतिक निर्णयको औचित्य माग्न सक्थे र सरकारको आगामी कदमबारे स्पष्टता लिन सक्थे । कर्मचारीले प्रशासनिक प्रक्रियाको व्याख्या गर्न सक्छन्, तर राजनीतिक निर्णयको जिम्मेवारी लिन सक्दैनन् । त्यसैले मन्त्रीको अनुपस्थिति जवाफदेहिताको एउटा महत्वपूर्ण विषय हो ।

सरकारलाई संसद्‌ले प्रश्न गर्नु उसको अधिकार हो । सरकारले त्यसको जवाफ दिनु उसको दायित्व हो । मन्त्री समितिको बैठकमा नआउनु, बैठक स्थगित गराउनु वा पटक-पटक व्यस्तताको कारण देखाउनु विस्तारै संसदीय अभ्यासलाई कमजोर बनाउने संस्कार हो । सत्तारूढ दल रास्वपाले नयाँ राजनीतिक संस्कार बसाल्ने कुरा गर्दै आएको छ । यसकारण रास्वपा शक्ति सत्तामा आएसँगै पुरानो शासनशैली बदलिने अपेक्षा धेरैको थियो । तर, रास्वपाकै सांसद केपी खनालले 'समितिमा मन्त्रीलाई राख्न सकेनौं भने पुरानो र नयाँमा केही फरक हुँदैन' भनेर प्रश्न उठाउने अवस्था यसबीचमा बनेको छ । यसले रास्वपाको पूर्वप्रतिबद्धतालाई समेत लत्याएको देखाउँछ । किनभने मन्त्रीको व्यस्तता संसद्‌भन्दा माथि हुन सक्दैन । संसद्‌ले बोलाएको बैठकमा उपस्थित हुनु मन्त्रीको लोकतान्त्रिक उत्तरदायित्व हो । नयाँ सरकारको नयाँपन नारामा होइन, संसद्‌प्रतिको व्यवहारमा देखिनुपर्छ । नयाँ अनुहार र पुरानो कार्यशैलीबीचको भिन्नता छुट्टिनुपर्छ । यसनिम्ति संसद्‌लाई नटेर्ने सरकारको ट्याग बदलियोस् ।

विकासमा उद्यमशीलता तथा नवप्रवर्तन

उद्यमशीलता र नवप्रवर्तन राष्ट्रिय समृद्धिको मुख्य संवाहक हुन् । निष्क्रिय पूँजी परिचालन, रोजगारी सिर्जना, र प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्दै औद्योगिक रूपान्तरण गर्न उद्यमीको भूमिका निर्णायक हुन्छ । नेपालमा नीतिगत, वित्तीय र प्रशासनिक चुनौतीका बीच डिजिटल अर्थतन्त्र र स्टार्टअप संस्कृति विस्तार हुँदैछ । तसर्थ, अनुसन्धानमा लगानी, युवा लक्षित नवप्रवर्तन र उद्योग-विश्वविद्यालय सहकार्यमार्फत दिगो आर्थिक विकास हासिल गर्नं आजको आवश्यकता हो ।

अग्रलेख

● गम्भीरबहादुर हाडा

उद्यमशीलता यस्तो प्रक्रिया हो, जसका माध्यमबाट सम्भावित अवसर र वितरित स्रोतसाधनको उपयोग गरी नयाँ मूल्य सिर्जना गरिन्छ । उद्यमीले बजारका समस्या र अवसर पहिचान गरी प्रभावकारी समाधान खोज्छ । उसको सिर्जनशीलता, अनुसन्धान र जोखिम मोल्ने कौशलताबाट नै आर्थिक रूपान्तरण र वित्तीय सुधार सम्भव हुन्छ । अंग्रेजी शब्द 'इन्टरप्रेन्योर' (Entrepreneur) फ्रान्सेली भाषाबाट लिइएको हो, जसले व्यवसायीको सोच, पहलकदमी र रचनात्मक कदमलाई जनाउँछ ।

कुनै पनि देशको औद्योगिक तथा आर्थिक विकासमा उद्यमशीलताले अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्छ । संयुक्त राज्य अमेरिका, जापान, जर्मनीजस्ता विकसित मुलुकको समृद्धिको मूल आधार नै उद्यमशीलता हो । विकास त्यसै सम्भव हुँदैन, त्यसका लागि उद्यमी संवाहकका रूपमा चाहिन्छ । नयाँ उद्यमीको आगमनले उत्पादन वृद्धि गर्छ, आर्थिक गतिविधि बढाउँछ, र उद्योगको बचतलाई पुनः लगानीमा रूपान्तरण गरी अर्थतन्त्रलाई गतिशील बनाउँछ ।

उद्यमशीलताले सर्वसाधारणसँग रहेको निष्कृय बचत परिचालन गरी राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याउँछ । नयाँ व्यवसाय स्थापना हुँदा रोजगारीका अवसर सिर्जना हुन्छन्, जसले मुलुकको बेरोजगारी समस्या समाधानमा सहयोग गर्छ । बेरोजगार जनशक्तिले राजनीतिक अस्थिरता र विचलन निम्त्याउने जोखिम हुने हुँदा उद्यमशीलताले मानिसलाई उत्पादकमूलक कार्यमा व्यस्त राख्छ । साथै, देशभित्र प्रयोगविहीन अवस्थामा रहेका श्रम, पूँजी, भूमि र प्राकृतिक स्रोतसाधनको अधिकतम उपयोग गरी राष्ट्रिय उत्पादकत्व बढाउन उद्यमीको भूमिका अपरिहार्य हुन्छ ।

नेपालका नीतिगत र संस्थागत प्रयासहरू

नेपाल सरकारले राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, ज्ञानमा आधारित उद्यमशीलताको विकास गर्ने र परम्परागत तथा आधुनिक प्रविधिको स्तरोन्नति गर्ने उद्देश्यले 'राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६' जारी गरेको थियो । यस नीतिले औद्योगिक उत्पादन, कृषिको व्यवसायीकरण, दिगो पूर्वाधार, बहुमूल्य स्रोतको उपयोग, वातावरण संरक्षण र सुशासन गरी छ वटा क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

यसैगरी, सन् २०१२ मा नवप्रवर्तन र अनुसन्धानको संस्कृति विकास गर्ने उद्देश्यका साथ गैरनाफामूलक संस्थाका रूपमा राष्ट्रिय आविष्कार केन्द्र स्थापना भयो । नवप्रवर्तन, इन्क्युबेसन र उद्यमका क्षेत्रमा निरन्तर कार्यरत यस संस्थाले ६५ भन्दा बढी जिल्लाका युवामा पहुँच पुऱ्याई २,३०४ नवीन विचारमध्ये १६० वटालाई इन्क्युबेट गरिसकेको छ ।

यसबाहेक, अर्थ मन्त्रालयले 'नवप्रवर्तन सुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६' ल्याए तापनि कोभिड-१९ महामारीका कारण सुरुआती चरणमा सोचेजस्तो सफलता पाउन सकेन। यद्यपि, उद्योग वाणिज्य महासङ्घ, नेपाल चेम्बर अफ कमर्स, तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) जस्ता संस्थाहरूले प्रतिस्पर्धा गराई विद्यार्थी तथा युवालाई अनुदान र इन्क्युबेसन सुविधा प्रदान गर्ने ठूलो सम्भावना बाँकी नै छ ।

विद्यमान चुनौती र प्रतिभा पलायन

आज धेरै नेपाली युवा फ्रिलान्सिङ, डिजिटल सेवा निर्यात र प्रविधिमा आधारित स्टार्टअपमार्फत विश्वस्तरमा प्रतिस्पर्धा गरिरहेका छन् । इन्टरनेटको पहुँच र डिजिटल साक्षरताको विस्तारले ज्ञान र अवसरमा पहुँच पुऱ्याएको छ । तर, यी सम्भावनालाई ठोस उपलब्धिमा रूपान्तरण गर्ने बाटोमा गम्भीर चुनौतीहरू कायम छन्:

१. अनुसन्धानमा न्यून लगानी: नेपालमा अनुसन्धान तथा विकास (R&D) मा कुल गार्हस्थ उत्पादन (GDP) को अत्यन्तै सानो अंश मात्र खर्च हुन्छ । यसले गर्दा विदेशी प्रविधिमा निर्भरता बढेको छ ।
२. झन्झटिलो प्रशासनिक संरचना: जटिल स्वीकृति प्रक्रिया, बजेट निकासामा अनिश्चितता र समन्वयको अभावले प्राविधिक जनशक्तिलाई निरुत्साहित बनाएको छ ।
३. प्रतिभा पलायन (Brain Drain): उपयुक्त वातावरणको अभावमा स्वदेशमै शिक्षित र दक्ष युवा जनशक्ति विदेशिन बाध्य छन्, जुन राष्ट्रिय लगानी र सम्भावनाको ठूलो क्षति हो ।

भावी रणनीति र सुधारका कदमहरू

चुनौतीलाई अवसरमा बदल्न सरकारले दूरदर्शी र साहसिक नीतिगत सुधार गर्नुपर्छ:

अनुसन्धान लगानी वृद्धि: जिडिपीको कम्तीमा १ प्रतिशत रकम अनुसन्धान तथा विकासका लागि विनियोजन गरी नतिजामुखी रणनीतिमा जोड्नुपर्छ ।

युवाकेन्द्रित इकोसिस्टम: 'युवा नवप्रवर्तन कोष', स्टार्टअप इन्क्युबेसन, एक्सेलेरेसन र अनुसन्धान अनुदानलाई संस्थागत गरिनुपर्छ ।

प्रशासनिक सरलीकरण: डिजिटल गभर्नेन्स, एकद्वार प्रणाली र पारदर्शी अनुगमनमार्फत सेवा प्रवाह सहज बनाउनुपर्छ ।

उद्योग-विश्वविद्यालय सहकार्य: विश्वविद्यालयको अनुसन्धानलाई बजार र उद्योगको आवश्यकतासँग जोडी प्रविधिको व्यावसायीकरण गर्नुपर्छ ।

विदेशमा रहेका प्रतिभाको उपयोग: विश्वभर रहेका नेपाली वैज्ञानिक र प्राविधिकलाई प्रतिस्पर्धात्मक सुविधा र अनुसन्धान अनुदान दिएर देशको विकाससँग जोड्ने रणनीति लिनुपर्छ ।

भौतिक पूर्वाधार जत्तिकै ज्ञान, अनुसन्धान र नवप्रवर्तन पनि विकासका आधार हुन् भन्ने सोचलाई प्राथमिक विद्यालयदेखि नीति निर्माण तहसम्म संस्थागत गर्नं आवश्यक छ ।

वित्तीय बजेट तथा नीतिगत कार्यक्रमहरू

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य अनुसार स्टार्टअप र साना-मझौला उद्यमलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्न 'नेपाल इन्टरप्राइज फसिलिटी' स्थापना गर्ने लक्ष्य राखिएको छ । यसका लागि रु. ५० करोड र विज्ञान प्रविधि तथा नवप्रवर्तनका लागि रु. ४ अर्ब विनियोजन गरिएको छ । साथै, कृषि तथा पशुजन्य उद्यम गर्न चाहने १,००० युवा उद्यमीलाई स्टार्टअप सुविधा दिने र सगरमाथा आधार शिविरमा खगोलीय अब्जर्भेटरी केन्द्र स्थापना गर्ने कार्यक्रम समाविष्ट छ ।

नवउद्यमका लागि केवल ऋणमा आधारित नभई अनुदान, सहुलियतपूर्ण कर्जा र वृद्धि पुँजी (Growth Capital) को व्यवस्था गरिएको छ । निजी क्षेत्र र गैरआवासीय नेपालीको सह-लगानीलाई प्रोत्साहन गर्दै पुँजीगत खर्चको न्यूनतम १ प्रतिशत रकम विज्ञान प्रविधि अनुसन्धानमा विनियोजन गर्ने नीति लिइएको छ ।

स्थानीय तहलाई उत्पादन र रोजगारीको केन्द्रका रूपमा विकास गर्न 'प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम' सञ्चालन गरिएको छ । प्रदेशहरूलाई विशिष्टीकृत आर्थिक हबका रूपमा विकास गर्ने नीति अनुरूप:

कोशी: उद्योग हब
मधेश: कृषि हब
बागमती: सूचना प्रविधि हब
गण्डकी: पर्यटन हब
लुम्बिनी: साना तथा मझौला उद्यम हब
कर्णाली: जडीबुटी हब
सुदूरपश्चिम: धार्मिक पर्यटन हब

यसैगरी, भरतपुर-बुटवल-पोखरालाई जोडेर 'गण्डकी आर्थिक त्रिभुज' परियोजना प्रस्ताव गरिएको छ, जसले निजी क्षेत्रको साझेदारीमा औद्योगिक पुनरुत्थान र रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ । स्टार्टअप उद्यमीका लागि रु. १ अर्बको 'नेपाल स्टार्ट अप कोष' खडा गरिएको छ भने प्रदेशस्तरमा 'बिजनेस इन्क्युबेसन सेन्टर' सञ्चालन गर्ने नीति छ । महिला उद्यमीका वस्तु ब्रान्डिङ गर्न काठमाडौंको चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल निर्माण गर्ने र ट्रेड पोर्टलमा सूचीकृत गर्ने व्यवस्था मिलाइएको छ ।

आवधिक योजना र दूरदृष्टि

सोह्रौं योजना (२०७१-२०८६) ले उद्यमशील संस्कृति निर्माण, स्वरोजगार मूलक सीप विकास, स्थानीय स्रोत-साधन र प्रविधिको परिचालन गरी गरिबी निवारणमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ ।

उद्यमीले नयाँ उद्योग-व्यापारमार्फत वैदेशिक व्यापार विस्तार गरी विदेशी मुद्रा आर्जन गर्छन् । यसले देशमा व्यापक औद्योगिकीकरण भई कृषिमा रहेको अत्यधिक निर्भरतालाई गैर-कृषि क्षेत्रतर्फ स्थानान्तरण गर्न मद्दत गर्छ । उद्यमशीलताले व्यक्तिमा जोखिम मोल्ने क्षमता, इमानदारी र सिर्जनशीलता बढाउँछ ।

नेपालसँग ठूलो युवा जनसाङ्ख्यिक लाभ छ । अबको आवश्यकता प्रमाणपत्र मात्र बाँड्ने प्रणाली होइन; ज्ञानलाई सीपसँग, शिक्षालाई रोजगारीसँग, र प्रविधिलाई उत्पादनसँग जोड्नु हो । विकासको परम्परागत ढाँचा छाडेर प्रविधि र नवप्रवर्तनका माध्यमबाट छलाङ मार्न सके मात्र नेपाल समृद्धिको दिशामा अघि बढ्न सक्छ ।

(लेखक अर्थशास्त्री तथा भक्तपुर बहुमुखी क्याम्पसका अवकाशप्राप्त सह-प्राध्यापक हुन् ।)

डिग्रीको भारी, सीपको खडेरी

विचार

● केशव गौतम

नेपालको शिक्षा प्रणालीले प्रमाणपत्र त थपेको छ, तर बजारले खोज्ने व्यावहारिक सीप दिन सकेको छैन । परीक्षा र डिग्री केन्द्रित यो दौडमा शिक्षित बेरोजगारी बढ्दो छ । अबको शिक्षा कागजको प्रमाणपत्रमा होइन; ज्ञान, सीप, श्रमको सम्मान र उद्यमशीलतासँग जोडेर नागरिकको क्षमता अभिवृद्धिमा केन्द्रित हुन आवश्यक छ ।

नेपालमा शिक्षा केवल विद्यालय र विश्वविद्यालयमा पढाइने विषय होइन, यो मुलुकको भविष्य निर्माण गर्ने सबैभन्दा महत्त्वपूर्ण आधार हो । एउटा पुस्ताले कस्तो शिक्षा पाउँछ भन्ने कुराले अर्को पुस्ताको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवस्था निर्धारण गर्दछ । शिक्षित नागरिकले विवेकपूर्ण निर्णय गर्न सक्छ, आफ्नो क्षमता पहिचान गर्न सक्छ र रोजगारी सिर्जना गरी समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउन सक्छ । त्यसैले कुनै पनि मुलुकको विकासको चर्चा गर्दा शिक्षालाई केन्द्रमा राख्ने गरिन्छ ।

तर, आज नेपालको शिक्षाबारे गम्भीर बहसको आवश्यकता महसुस हुन थालेको छ । हाम्रा विद्यालय र विश्वविद्यालयबाट हरेक वर्ष हजारौं विद्यार्थी प्रमाणपत्र बोकेर बजारमा प्रवेश गर्छन् । उनीहरूको हातमा एसईई, प्लस टु, स्नातक, स्नातकोत्तर वा डाक्टरको प्रमाणपत्र हुन्छ । तर, रोजगारीको अवसरमा प्रवेश गर्दा उनीहरूले आफूलाई एउटा असहज प्रश्न सोध्नुपर्छ– "मैले पढेको कुरा व्यवहारमा प्रयोग गरेर आफ्नो जीवन धान्न सक्ने सीप कति सिकें?"

यही प्रश्नले नेपालको शिक्षा प्रणालीको गहिरो विरोधाभास देखाउँछ । हामीले शिक्षाको पहुँच विस्तार गऱ्यौं, संस्था र प्रमाणपत्र थप्यौं, तर त्यसअनुसार रोजगारी, उत्पादन, उद्यमशीलता र व्यावहारिक सीपको विकास हुन सकेन। फलस्वरूप, डिग्री बढ्दैछ तर सीपको अभाव उस्तै छ; शिक्षित जनशक्ति बढ्दैछ तर आत्मनिर्भरता बढ्न सकेको छैन। त्यसैले अबको मूल प्रश्न "शिक्षा राम्रो छ कि छैन" भन्नेमा मात्र सीमित नभई "हाम्रो शिक्षाले कस्तो नागरिक, श्रमशक्ति र समाज बनाउँदैछ" भन्ने हुनुपर्छ ।

डिग्री र सीपबीचको दूरी तथा शिक्षित बेरोजगारी

ज्ञानले कुनै विषयबारे बुझाइ दिन्छ भने सीपले त्यसलाई व्यवहारमा प्रयोग गर्ने क्षमता दिन्छ । उदाहरणका लागि, व्यवस्थापन पढेको विद्यार्थीलाई सिद्धान्त थाहा हुन सक्छ, तर वास्तविक संस्थामा मानिस व्यवस्थापन गर्न, समस्या समाधान गर्न वा बजेट बनाउन उसलाई व्यावहारिक सीप चाहिन्छ । हाम्रो शिक्षामा यही दूरी छ । विद्यार्थीले पाठ्यपुस्तक पढ्छ, परीक्षा दिन्छ र राम्रो अंक ल्याउँछ, तर वास्तविक जीवनका समस्या समाधान गर्न अभ्यास पर्याप्त हुँदैन। परीक्षाको नतिजालाई नै सफलताको अन्तिम मापदण्ड मान्ने प्रवृत्तिले सिर्जनशीलता, सञ्चार क्षमता, नेतृत्व, सहकार्य र प्रविधिको प्रयोगजस्ता आवश्यक सीपलाई ओझेलमा पारेको छ ।

यसले गर्दा देशमा शिक्षित बेरोजगारीको स्वरूप भयानक बन्दै गएको छ । यसका मुख्य कारणहरू हुन्: शिक्षा र श्रम बजारको आवश्यकतावीच सम्बन्ध नहुनु । सरकारी वा निश्चित कार्यालयको जागिरमा मात्र ध्यान सीमित हुनु र रोजगारी सिर्जना गर्ने सोच नहुनु ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र हातले गर्ने श्रमलाई कम प्रतिष्ठाको दृष्टिले हेर्ने सामाजिक प्रवृत्ति । निजी क्षेत्र, उद्योग र शैक्षिक संस्थाबीच सहकार्यको अभाव हुनाले व्यावहारिक अनुभव

(इन्टर्नसिप) नपाउनु । प्रमाणपत्रलाई नै सामाजिक प्रतिष्ठाको मुख्य मापदण्ड मान्ने दौड ।

श्रमको सम्मान र वैदेशिक रोजगारीको यथार्थ

समस्या डिग्रीमा होइन, डिग्री र सीपबीच सन्तुलन नहुनुमा हो । इन्जिनियर, चिकित्सक वा प्रशासक बन्न औपचारिक उच्च शिक्षा अनिवार्य छ, तर डिग्री ज्ञानको प्रमाण हो भने सीप त्यसको प्रयोग गर्ने क्षमता हो । दुवै एकअर्काका पूरक हुन् ।

यसका लागि हाम्रो सामाजिक सोच बदलिनु आवश्यक छ । हामीले सेतो कलरको जागिरलाई प्रतिष्ठित र प्राविधिक वा श्रममा आधारित कामलाई कम प्रतिष्ठित ठान्ने गल्ती गऱ्यौं। दक्ष इलेक्ट्रिसियन, प्लम्बर, मेकानिक, कृषक वा शेफजस्ता सीपयुक्त कामलाई सम्मान नगर्दा श्रम बजारमा असन्तुलन आयो । विडम्बना, देशभित्र सम्मान नपाएका काममा विदेशबाट जनशक्ति ल्याउनुपर्ने र हाम्रा युवाहरू बाहिर गएर तिनै काम गर्न बाध्य हुने अवस्था छ । समाजले श्रमको सम्मान गर्न सिक्नुपर्छ ।

अर्कातिर, वैदेशिक रोजगारी युवाहरूका लागि बाध्यता बनेको छ । विदेश जानु आफैंमा समस्या होइन, तर स्वदेशमा अवसर नपाएर विदेश जानु नै एकमात्र विकल्प बन्नु गम्भीर विषय हो । नेपालमा यस्तो शिक्षा आवश्यक छ जसले युवालाई विदेश जान चाहे प्रतिस्पर्धी बनाओस् र देशमै बस्न चाहे अवसर सिर्जना गर्न सक्षम बनाओस् ।

डिजिटल युग, प्रविधि र शिक्षक

आजको संसार तीव्र गतिमा डिजिटल बन्दैछ । कृत्रिम बुद्धिमत्ता (AI) र प्रविधिले कामको स्वरूप फेरिरहेको छ । यस्तो अवस्थामा शिक्षाले उत्तर कण्ठ गराउने होइन, सही प्रश्न सोध्न, उत्तरको विश्वसनीयता जाँच्न र नैतिक निर्णय लिन सिकाउनुपर्छ । प्रविधिलाई डरको रूपमा होइन, सिकाइको साधनका रूपमा प्रयोग गर्दै मानवीय क्षमताको विकास गर्नुपर्छ ।

यस सम्पूर्ण सुधारको केन्द्रमा शिक्षक र विश्वविद्यालय हुन्छन् । शिक्षक केवल पाठ्यपुस्तक पढाउने व्यक्ति नभई मार्गदर्शक र सिकाइ सहयात्री हुन् । त्यसैले शिक्षकको क्षमता विकास र प्रविधिको प्रयोगमा लगानी आवश्यक छ । उता, विश्वविद्यालयहरू प्रमाणपत्र बाँड्ने संस्था मात्र नभई अनुसन्धान, नवप्रवर्तन र समाधान खोज्ने केन्द्र बन्नुपर्छ । साथै, संघीय संरचनामा स्थानीय तहले पनि आफ्नो क्षेत्रको सम्भावना (कृषि, पर्यटन, जडीबुटी, उद्योग) अनुसारको शिक्षालाई स्थानीय अर्थतन्त्रसँग जोड्न सक्छन् ।

पाठ्यक्रम सुधार र राज्य

नेपालको शिक्षा सुधार गर्न पाठ्यक्रमलाई जीवनोपयोगी र रोजगारीसँग जोड्नुपर्छ । सञ्चार, समस्या समाधान, आलोचनात्मक सोच, डिजिटल तथा वित्तीय साक्षरता र उद्यमशीलताजस्ता सीपहरूलाई सिकाइमै समावेश गरिनुपर्छ । पढाइसँगै कामको अनुभव (इन्टर्नसिप र अप्रेन्टिससिप) दिने प्रणाली विकास गर्नुपर्छ ।

राज्यले केवल भौतिक पूर्वाधार र बजेट खर्चमा मात्र होइन, मानव पूँजी निर्माणमा लगानी गर्नुपर्छ । निजी क्षेत्रसँग सहकार्य गरी बजारलाई आवश्यक सीप र पाठ्यक्रमबीच तालमेल मिलाउनुपर्छ । यद्यपि, शिक्षित बेरोजगारीको दोष शिक्षालाई मात्र दिन मिल्दैन; कमजोर आर्थिक संरचना, उद्योगको सीमित विस्तार र नीतिगत अस्थिरता जस्ता आर्थिक-सामाजिक कारण पनि उत्तिकै जिम्मेवार छन् । शिक्षाले सीपयुक्त जनशक्ति तयार गर्छ भने अर्थतन्त्रले त्यसलाई अवसर दिनुपर्छ ।

अबको बाटो

अबको नेपाललाई ज्ञान, सीप र चरित्र दिने शिक्षा आवश्यक छ । ज्ञानले दिशा दिन्छ, सीपले व्यवहारमा उतार्छ र चरित्रले सही प्रयोग सुनिश्चित गर्छ । नेपाल आज ठूलो जनसांख्यिक सम्भावनाको अवस्थामा छ । युवा जनशक्ति देशको सबैभन्दा ठूलो सम्पत्ति हो । आजको आवश्यकता डिग्री घटाउने होइन, डिग्रीको अर्थ बढाउने हो । प्रमाणपत्रसँगै सीप, ज्ञानसँगै प्रयोग, शिक्षासँगै रोजगार, पढाइसँगै उद्यमशीलता र प्रविधिसँगै मानवीय मूल्य जोड्नुपर्छ ।

हामीले शिक्षालाई प्रमाणपत्र उत्पादन गर्ने कारखाना मात्र मानिरहने हो भने डिग्रीको भारी बढिरहनेछ, तर सीपको खडेरी हट्ने छैन। तर यदि शिक्षालाई जीवन, श्रम, उत्पादन, प्रविधि र उद्यमशीलतासँग जोड्न सक्यौं भने त्यही डिग्री युवाको बोझ होइन, सामर्थ्य बन्नेछ ।

अब नेपालको शिक्षाले एउटा नयाँ प्रश्न सोध्ने समय आएको छ– "तिमीले कति पढ्यौ ?" मात्र होइन, "तिमीले के सिक्यौ, के गर्न सक्छौ र समाजका लागि के सिर्जना गर्न सक्छौ ?" देशको भविष्य कागजमा लेखिएको डिग्रीले होइन, त्यो डिग्री बोकेका नागरिकको ज्ञान, सीप, सिर्जनशीलता र चरित्रले निर्माण गर्ने हो ।

इतिहासको पाना ● रतन भण्डारी

१०-४ बजेको ड्युटी लगाउने जुद्धशमसेर

वि.सं. १९३२ वैशाख ७ गते जन्मिएका जुद्धशमशेरको वास्तविक नाम 'युद्धशमशेर' हो । धीरशमशेरकी पत्नी जौहरकुमारीका पुत्र युद्धलाई अवधकी आमाको उच्चारण शैलीका कारण 'जुद्ध' भनियो । सरकारी लिखत र गोरखापत्रमा भने 'युद्धशमशेर' नै उल्लेख छ ।

भीमशमशेरको निधनपछि वि.सं. १९८९ भदौ १७ मा उनी नेपालको प्रधानमन्त्री बने र १३ वर्ष शासन गरे। सरकारी कार्यालयमा १० देखि ४ बजेसम्म काम गर्ने समय निर्धारण, बारुणयन्त्रको सुरुवात र नेपालमा सर्वसाधारणका लागि १०-४ बजेको ड्युटी प्रथा उनकै पालामा सुरु भएको हो ।

उनको कार्यकालमा १९९० सालको विनाशकारी महाभूकम्प आयो । यसपछि उनले पुनर्निर्माणलाई तीव्रता दिँदै न्यूरोड (जुद्धसडक) बसाए तथा धरहरा, दरबार र मठमन्दिरहरूको जीर्णोद्धार गराए । विराटनगर जुट मिल र जुद्ध म्याच फ्याक्ट्री जस्ता उद्योग खोलेर उनले प्रारम्भिक औद्योगिकीकरणको जग बसाले ।

विकासप्रेमी देखिए पनि उनी राजनीतिक दमनका कारण विवादित बने। वि.सं. १९९७ मा प्रजापरिषद्‌को आन्दोलन दबाउन उनले शुक्रराज, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई मृत्युदण्ड दिए । मानभवन, रविभवन, बहादुरभवन जस्ता भव्य दरबारहरू उनले आफ्ना छोराहरूका लागि बनाएका थिए ।

वि.सं. २००२ मंसिर १४ गते उनले गेरुवा फेटा गुथाएर पद्मशमशेरलाई श्रीपेच सुम्पँदै स्वेच्छाले पद त्याग गरे। सत्ता त्यागेपछि रिडी-अर्घेली हुँदै उनी भारतको देहरादून बसाइँ सरे। वि.सं. २००९ मंसिर ८ गते देहरादूनमै उनको निधन भयो र हरिद्वारमा भारतीय गोर्खा सैनिकको सलामीसहित उनको अन्त्येष्टि गरियो ।

नेपाल भलिबल लिग भदौ १९ देखि
असोज १५ देखि एभरेस्ट वुमन्स भलिबल लिग

काठमाडौं/मस– नेपालमा पहिलोपटक आयोजना हुन लागेको पुरुष फ्रेन्चाइज भलिबल प्रतियोगिता नेपाल भलिबल लिग (एनभिएल)को पहिलो संस्करणको मिति औपचारिक रूपमा सार्वजनिक भएको छ। आयोजक केडिया ग्रुपले शुक्रबार विज्ञप्ति जारी गर्दै एनभिएल आगामी भदौ १९ देखि २७ गतेसम्म आयोजना हुने जनाएको हो।

प्रतियोगिता काठमाडौंको त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को बहुउद्देश्यीय कभर्डहलमा सञ्चालन हुनेछ। यससँगै लामो समयदेखि चर्चामा रहेको नेपालको पहिलो पुरुष भलिबल फ्रेन्चाइज लिग आयोजना हुने मिति निश्चित भएको छ।

यसअघि एनभिएल भदौ १२ गतेदेखि सुरु हुने बताइएको थियो। यद्यपि, आयोजकले औपचारिक रूपमा मिति घोषणा गरेको थिएन। पछिल्लो घोषणासँगै प्रतियोगिता भदौ १९ देखि २७ गतेसम्म सञ्चालन हुने निश्चित भएको हो।

नेपालमा फ्रेन्चाइज अवधारणामा पुरुष भलिबल प्रतियोगिता आयोजना हुन लागेको यो पहिलोपटक हो। आयोजकले प्रतियोगितालाई व्यावसायिक, प्रतिस्पर्धात्मक र व्यवस्थित बनाउने उद्देश्यसहित तयारी अघि बढाइरहेको जनाएको छ।

एनभिएलको पहिलो संस्करणमा ६ फ्रेन्चाइज टोलीको सहभागिता रहनेछ। सहभागी टोलीका टिम मालिक, टिम लोगो, नारा, मार्की खेलाडी, मुख्य प्रशिक्षक तथा सहायक प्रशिक्षक यसअघि नै सार्वजनिक भइसकेका छन्। प्रतियोगिताका लागि आवश्यक खेलाडी छनोट गर्न खेलाडी अक्सनसमेत सम्पन्न भइसकेको छ।

खेलाडी अक्सन सम्पन्न भएसँगै सहभागी सबै टोलीले आफ्नो संरचना तयार पार्ने प्रक्रिया अघि बढाएका छन्। मार्की खेलाडी, प्रशिक्षक र अक्सनबाट छनोट भएका खेलाडीको संयोजनमा टोलीहरूले प्रतियोगिताको तयारीलाई तीव्र बनाउने आयोजकको अपेक्षा छ।

एनभिएललाई नेपाली पुरुष भलिबलमा नयाँ व्यावसायिक अध्यायका रूपमा हेरिएको छ। नेपालमा लामो समयदेखि लोकप्रिय रहेको भलिबल खेललाई फ्रेन्चाइज मोडलमार्फत थप व्यवस्थित र व्यावसायिक बनाउने लक्ष्य आयोजकले लिएको छ। फ्रेन्चाइज प्रणालीले खेलाडीलाई नियमित उच्चस्तरीय प्रतिस्पर्धाको अवसर उपलब्ध गराउनुका साथै भलिबलको व्यावसायिक बजार विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रतियोगिताका लागि आइएमई खल्ती लिमिटेडलाई टिकटिङ पार्टनर बनाइएको छ। त्यस्तै, कान्तिपुर टेलिभिजन एनभिएलको ब्रोडकास्टिङ पार्टनरका रूपमा जोडिएको छ। यसले प्रतियोगिताका खेलहरू दर्शकमाझ प्रत्यक्ष तथा सहज रूपमा पुऱ्याउन सहयोग पुग्ने आयोजकको विश्वास छ।

एनभिएलका प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष उपाध्यायले प्रतियोगितालाई सफल बनाउन आयोजक प्रतिबद्ध रहेको बताएका छन्। पहिलो संस्करण भएकाले प्रतियोगिताको व्यवस्थापनदेखि खेलाडी तथा टोलीको सहभागितासम्मका सबै पक्षलाई व्यवस्थित बनाउन तयारी भइरहेको उनको भनाइ छ।

आयोजकका अनुसार प्रतियोगिताको तयारी अहिले तीव्र गतिमा अघि बढिरहेको छ। प्रतियोगिता सञ्चालन हुने स्थल, टोलीहरूको तयारी, खेलाडी तथा प्रशिक्षकको व्यवस्थापन, प्रसारण र टिकटिङलगायतका विषयमा आवश्यक काम अघि बढाइएको छ।

एभरेस्ट वुमन्स भलिबल लिग

पुरुषतर्फ पहिलोपटक नेपाल भलिबल लिग आयोजना हुने तयारी भइरहेका बेला महिला भलिबलतर्फ पनि एभरेस्ट वुमन्स भलिबल लिग (ईडब्लुभीएल) को तेस्रो संस्करणको मिति सार्वजनिक भएको छ।

तेस्रो संस्करणको प्रतियोगिता आगामी असोज १५ देखि २४ गतेसम्म काठमाडौंको दशरथ रंगशाला कभर्डहलमा आयोजना हुने भएको हो।

आयोजकले तेस्रो संस्करणको औपचारिक मिति सार्वजनिक गर्दै प्रतियोगिताका लागि आवश्यक तयारी अघि बढाइएको जनाएको छ। उक्त मितिलाई नेपाल भलिबल संघले समेत आधिकारिक स्वीकृति प्रदान गरेको आयोजकको भनाइ छ।

अघिल्ला दुई संस्करणको सफलता र महिला भलिबलप्रति बढ्दै गएको दर्शकको आकर्षणलाई ध्यानमा राख्दै तेस्रो संस्करणलाई अझ भव्य, प्रतिस्पर्धात्मक र व्यवस्थित बनाउने तयारी भइरहेको आयोजकले जनाएको छ।

एभरेस्ट वुमन्स भलिबल लिगले नेपाली महिला खेलाडीलाई घरेलु स्तरमै उच्चस्तरीय प्रतिस्पर्धाको अवसर उपलब्ध गराउँदै आएको छ। फ्रेन्चाइज अवधारणामा आयोजना हुँदै आएको यस प्रतियोगिताले महिला भलिबलको व्यावसायिक विकाससँगै खेलाडीको क्षमता अभिवृद्धिमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

एभरेस्ट वुमन्स भलिबल लिगको पहिलो संस्करणमा चितवन शक्ति, गण्डकी थन्डर्स, कर्णाली यश्वी, काठमाडौं स्पाइकर्स, ललितपुर क्विन्स र मधेश युनाइटेड गरी ६ टोली सहभागी भएका थिए। पहिलो संस्करणको फाइनलमा कर्णाली यश्वीले ललितपुर क्विन्सलाई ३-२ को सेटमा पराजित गर्दै उपाधि जितेको थियो। प्रतिस्पर्धात्मक बनेको फाइनलले महिला भलिबल फ्रेन्चाइज प्रतियोगिताप्रति दर्शकको आकर्षण बढाउन महत्वपूर्ण भूमिका खेलेको थियो।

दोस्रो संस्करणमा भने चितवन शक्ति र गण्डकी थन्डर्स प्रतियोगिताबाट बाहिरिएका थिए। उनीहरूको स्थानमा लुम्बिनी लाभास र पोखरा निन्जास नयाँ टोलीका रूपमा सहभागी भएका थिए।

दोस्रो संस्करणको फाइनलमा पनि कर्णाली यश्वी र ललितपुर क्विन्स आमनेसामने भएका थिए। उक्त खेलमा कर्णालीले ललितपुरलाई पुनः ३-२ को सेटमा पराजित गर्दै लगातार दोस्रोपटक उपाधि जितेको थियो।

यसरी एभरेस्ट वुमन्स भलिबल लिगको पहिलो र दोस्रो दुवै संस्करणमा कर्णाली यश्वी च्याम्पियन बनेको छ। तेस्रो संस्करणमा पनि उपाधि रक्षा गर्ने लक्ष्यसहित कर्णाली मैदानमा उत्रिनेछ भने अन्य टोलीले कर्णालीको वर्चस्व तोड्ने प्रयास गर्नेछन्।

पुरुषतर्फ पहिलोपटक नेपाल भलिबल लिग र महिलातर्फ एभरेस्ट वुमन्स भलिबल लिगको तेस्रो संस्करण आयोजना हुन लागेसँगै यस वर्ष नेपाली भलिबलमा फ्रेन्चाइज प्रतियोगिताको गतिविधि थप बढ्ने भएको छ। दुवै प्रतियोगिताले खेलाडीलाई नियमित प्रतिस्पर्धाको अवसर दिनुका साथै नेपाली भलिबललाई व्यावसायिक र अन्तर्राष्ट्रियस्तरमा थप प्रतिस्पर्धी बनाउन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

एनभिएल भदौ १९ देखि २७ गतेसम्म र एभरेस्ट वुमन्स भलिबल लिग असोज १५ देखि २४ गतेसम्म आयोजना हुने भएपछि केही साताको अन्तरालमा काठमाडौंमा पुरुष तथा महिला फ्रेन्चाइज भलिबलको प्रतिस्पर्धा हेर्न पाइने भएको छ। यसले नेपाली भलिबलको व्यावसायिक यात्रालाई थप गति दिने विश्वास गरिएको छ।

बूढानिलकण्ठमा क्रिकेट एरेना एकेडेमीको उद्घाटन

काठमाडौं/मस– काठमाडौंको बूढानिलकण्ठमा नयाँ क्रिकेट एकेडेमी क्रिकेट एरेनाको उद्घाटन भएको छ। बूढानिलकण्ठ नगरपालिकाका नगर प्रमुख मिठाराम अधिकारीले शनिबार एक कार्यक्रमकाबीच एकेडेमीको औपचारिक रुपमा शुभारम्भ गरेका हुन्।

'क्रिकेट एरेना : स्कुल अफ क्रिकेट, स्कुफ अफ चेस' नाम रहेको एकेडेमीमा क्रिकेट र चेस दुई खेल सिकाइन्छ।

बूढानिलकण्ठ नगरपालिका वडा नम्बर ८ तल्लो भंगाल ओमनगर समाजमा अवस्थित रहेको क्रिकेट एरेना साढे ३ रोपनी क्षेत्रमा फैलिएको छ। जहाँ क्रिकेटको लागि दुई ईन्डोर नेट रहेको छ भने खुला क्रिकेट मैदान पनि छ।

मैदानमा स्ट्यान्डर्ड पिच समेत निर्माण गरिएको र एक टिममा ८ जना खेलाडी राखेर खेल्न मिल्ने सञ्चालक रुपक अर्यालले जानकारी दिए।

पछिल्लो समय क्रिकेटमा धेरैको चासो रहेको ले ग्रासरुटदेखि क्रिकेटको विकासका लागि एकेडेमी सञ्चालन गरिएको अर्यालले बताए। 'बच्चाहरुलाई खेल मात्र नभई मानसिक विकासको लागि क्रिकेट र चेसको लागि यो एकेडेमी सञ्चालनमा ल्याएका छौं,' उनले भने।

एकेडेमीमा हाल १० जनाले प्रशिक्षण लिईरहेको र ४० देखि ५० जनासम्मलाई प्रशिक्षण दिने लक्ष्य राखेको उनले बताए।

त्यसका लागि भर्ना खुला गरिने अर्यालले बताए। दुंई प्रकारको भर्ना खोल्ने छौं। एउटा हप्ताको तीन दिन र अर्को हप्ताको ६ दिन प्रशिक्षण हुनेछ। भर्ना गरेपछि क्रिकेट ब्याट र टिसर्ट प्रदान गछौं,' अर्यालले भने।

एकेडेमीमा पूर्व राष्ट्रिय क्रिकेटर प्रदीप गुरुङले प्रशिक्षण दिनेछन्। राष्ट्रिय स्तरको प्रतियोगिता खेलेका गुरुङ बालुवाटार क्रिकेट क्लबका पूर्व खेलाडी हुन्।

उद्घाटन कार्यक्रमलाई सम्बोधन नगर प्रमुख अधिकारीले यसरी क्रिकेटको एकेडेमीहरु खुल्नु खुशी र गौरवको कुरा भएको बताए। साथै उनले एकेडेमीबाट भविष्यमा राष्ट्रिय स्तरका खेलाडीहरु उत्पादन हुने र राष्ट्रिय टिमबाट खेल्ने विश्वास व्यक्त गरे।

अधिकारीले सन्दीप लामिछानेले क्रिकेटबाटै नेपाललाई विश्वमा चिनाएको र गौरव बढाएको भन्दै अहिले क्रिकेट खेलतर्फ धेरैको आकर्षण रहेको बताए।

उनले बूढानिलकण्ठ नगरपालिकाले क्रिकेट लगायत विभिन्न खेललाई प्राथमिकता दिएको र यो क्रिकेट एकेडेमी पनि थपिनु राम्रो कुरा भएको बताए।

एसियाडका लागि अन्तर्राष्ट्रिय निर्णायक शिवाकोटी छनोट

काठमाडौं/मस- नेपाली तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक बब्लु सिवाकोटीले जापानको आइची-नागोया सहरमा आयोजना हुने २०औं एसियाली खेलकुदअन्तर्गत तेक्वान्दोमा निर्णायकको भूमिका निर्वाह गर्ने भएका छन्। आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म हुनेछ। ग्योरोगी र पुम्से दुवै विधामा अन्तर्राष्ट्रिय निर्णायकको मान्यता प्राप्त सिवाकोटी नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य तथा टेक्निकल डेलिगेट्स (टीडी) समेत हुन्।

सिवाकोटीले सन् २०२३ जनवरी १२ देखि १५ तारिखसम्म संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना भएको अन्तर्राष्ट्रिय ग्योरोगी रेफ्री कोर्स उत्तीर्ण गरेका थिए। त्यसपछि सन् २०२४ सेप्टेम्बर १७ देखि २५ तारिखसम्म आयोजना भएको अन्तर्राष्ट्रिय पुम्से रेफ्री कोर्स पनि उत्तीर्ण गर्दै उनले दुवै विधामा अन्तर्राष्ट्रिय निर्णायकका रूपमा आफ्नो स्थान बनाएका थिए।

सिवाकोटीले अस्ट्रेलिया, जापान, चीन, भियतनाम, मलेसिया, थाइल्यान्ड, श्रीलंका, बंगलादेश, मंगोलिया र भारतमा आयोजना भएका विभिन्न अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरिसकेका छन्। उनको अन्तर्राष्ट्रिय निर्णायक यात्रामा पछिल्लो समय महत्वपूर्ण प्रतियोगिताहरू थपिँदै गएका छन्। सन् २०२६ मा अस्ट्रेलियाको गोल्डकोस्टमा भएको डब्लुटी प्रेसिडेन्ट्स कप (जी-३) ओपन तेक्वान्दो प्रतियोगितामा पनि सिवाकोटीले निर्णायकको भूमिका निर्वाह गरेका थिए। यसैगरी, सन् २०२६ मेमा मंगोलियाको

उलानबटारमा भएको २७औं एसियन तेक्वान्दो च्याम्पियनसिप, नवौं एसियन पुम्से तेक्वान्दो च्याम्पियनसिप, ११औं एसियन पारा तेक्वान्दो च्याम्पियनसिप तथा आइची-नागोया एसियाली खेलकुदको छनोट प्रतियोगितामा पनि उनले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

सिवाकोटीको अन्तर्राष्ट्रिय यात्रामा थाइल्यान्डको बैंककमा भएको चौथो हिरोज तेक्वान्दो इन्टरनेसनल च्याम्पियनसिप पनि जोडिएको छ। त्यहाँ उनी खेलाडीका रूपमा सहभागी भएका थिए र मास्टर टिम पुम्सेमा कांस्य पदक जितेका थिए।

उनको प्राविधिक दक्षतालाई थप जिम्मेवारी दिँदै एसियन तेक्वान्दो युनियन (एटीयू) ले सिवाकोटीलाई सन् २०२६ का लागि आफ्नो टेक्निकल कमिटी सदस्यमा नियुक्त गरेको थियो।

सिवाकोटीले सन् २०२५ डिसेम्बरमा दक्षिण कोरियाको सियोलस्थित कोरिया नेसनल स्पोर्ट्स एकेडेमीमा आयोजना भएको एटीयू रेफ्री एजुकेसन कोर्समा पनि सहभागिता जनाएका थिए। एसियाका ४० राष्ट्रका करिब एक सय रेफ्री सहभागी उक्त प्रशिक्षणमा विश्व तेक्वान्दोले परिमार्जन गरेका नयाँ नियमबारे प्रशिक्षण दिइएको थियो। ती नियम सन् २०२६ जनवरी १ देखि लागू भएका छन् र एसियाली क्षेत्रमा आयोजना हुने प्रतियोगितामा प्रयोग हुँदै आएका छन्।

नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्यका रूपमा प्रशासनिक तथा प्राविधिक जिम्मेवारीसमेत सम्हालिरहेका सिवाकोटीले नेपालमा रेफ्री विकासका गतिविधिमा पनि सक्रिय भूमिका खेल्दै आएका छन्। राष्ट्रिय निर्णायकका लागि रिफ्रेसर कोर्स तथा प्राविधिक प्रशिक्षण सञ्चालनमा उनको सहभागिता रहँदै आएको छ।

क्षितिज र प्रिन्स उपाधिका लागि भिड्ने महिलातर्फ रसिला र शेस्नाको भिडन्त हुने

काठमाडौं/मस– एपिएफका क्षितिज खनाल र एपिएफकै प्रिन्स दाहाल लिनिङ १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिता २०८३ को शीर्ष ८ वरीयता पुरुष एकलको फाइनलमा प्रवेश गरेका छन्। शनिबार सम्पन्न सेमिफाइनलमा क्षितिजले पिस फिटनेस क्लबका विष्णु कटुवाललाई १८-२१, २१-७, २२-२० ले पराजित गर्दै उपाधि नजिक पुगेका हुन्।

अर्को प्रतिस्पर्धामा नम्बर एक खेलाडी एपिएफका प्रिन्स दाहाल र त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जनबीच भएको प्रतिस्पर्धामा प्रिन्सले २२-२४, २१-१४, २१-१२ को जित हात पार्दै उपाधिका लागि क्षितिजसँगको भेट पक्का गरेका हुन्। क्षितिजले लिगको पहिलो खेलमा प्रिन्सलाई पराजित गरेका थिए। प्रिन्सलाई फाइनलमा त्यसको बदला लिने अवसर जुरेको छ।

नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको महिला शीर्ष ८ एकल प्रतिस्पर्धामा नेपाल नम्बर एक आर्मीकी रसिला महर्जन फाइनल प्रवेश गरिन्। फाइनल प्रवेश गर्ने क्रममा रसिलाले नेपाल पुलिसकी निता लम्साल माथि २१-१३, २१-१३ को जित निकालिन्। अर्को खेलाम पुलिसकी शेस्ना श्रीपालीले एपिएफकी रिहाना सेरचनलाई पराजित गर्दै उपाधिका लागि रसिलासँगको भेट पक्का गरिन्। शेस्नाले रिहानामाथि २१-१६, २१-१८ को जित निकालेकी हुन्।

ग्रिनफिल्ड कपमा नकआउट समीकरण पूरा

काठमाडौं/मस– बाफलस्थित ग्रिनफिल्ड नेसनल स्कुलको आयोजनामा भइरहेको १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको नकआउट समीकरण शनिबार तयार भएको छ। सिनियर ब्वाइजमा प्रिक्वाटरफाइनल तथा सिनियर गर्ल्स र जुनियर ब्वाइजमा क्वाटरफाइनल समीकरण पूरा भएको हो।

सिनियर ब्वाइजको प्रिक्वाटरफाइनल काठमाडौं भ्याली, रानीवन र काठमाडौं जेभियर्स, सनसाइन र साइन मोडेल, रेडियन्ट पब्लिक र ज्ञान निकेतन, क्षेत्रज्ञ र इनोभेटिम, मार्वलस र ब्राइट होराइजन, राइजिङ स्टार र संस्कृति इन्टरनेसनल स्कुल, पुष्पसदन र एन्जल लर्ड तथा गण्डकी र न्यु जेनिथबीच हुनेछ।

सिनियर गर्ल्समा भ्याली पब्लिकले काठमाडौं भ्याली, रानीवन, इडेन ब्रिज एकेडेमी (इबिए)ले ज्ञानोदय, रेडियन्ट पब्लिकले

काठमाडौं जेभियर, कलंकी र स्वर्णिमले नवीन ज्योति विरुद्ध क्वाटरफाइनलमा प्रतिस्पर्धा गर्ने छन्। जुनियर ब्वाइजको क्वाटरफाइनलमा एन्जलस हार्टले नेपालय, ग्रिनफिल्ड 'ए'ले केएससीएस, महामञ्जुश्रीले इबिए र ज्ञान निकेतनले नवीन ज्योतिको सामना गर्ने छन्।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०१/२९ मा दर्ता भएको **दर्ता नं. १६२३१५** को **भक्तपुर मिनीबस यातायात प्रा. लि.** को मिति २०८३/०४/२९ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ४८५१००६०४६

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१०/१० मा दर्ता भएको **दर्ता नं. १६२३१५** को **भक्तपुर यातायात प्रा. लि.** को मिति २०८३/०४/२९ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर: नीलकण्ठ पोखरेल,
इजाजत पत्र नं. ५१२, ठेगाना : त्रिपुरेश्वर काठमाडौं,
फोन नं. ४८५१००६०४६

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/३१

मिति २०८३/०४/२० गते सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालय एजुकेशन फाउण्डेशन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने सर्तमा साविक नाम परिवर्तन गरी **कृष्ण इन्टरनेशनल एजुकेशन कन्सल्टेन्सी (प्रा.लि.नं. ६२५५३)** कायम गर्ने गरी मिति २०८३/०४/२७ गते कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com
शाखा कार्यालय: खैरेनी, फोन नं.: ०७१-५७७४५५/५७७४५६

निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

जगविर गुरुङको छोरा, स्याङ्जा जिल्ला साबिक ढापुक सिमल गा.वि.स वडा नं-३ हाल रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं-६ बस्ने ना.प्र.नं.१९२६ जि.प्र.का.स्याङ्जा, जारी मिति २०४४।०७।२९ भएको यस बैंकका निक्षेप ग्राहक श्री निर प्रसाद गुरुङको मिति २०८३/०३/२७ गतेको दिन मृत्यु भएको भनी मृत्युदर्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित हेमलाल गुरुङको छोरी स्याङ्जा जिल्ला साबिक ढापुक सिमल गा.वि.स वडा नं- ०३, हाल रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं-०६,बस्ने ना.प्र.नं. २२९८३ स्याङ्जा, भएको वर्ष ६० को निर्मला गुरुङले यस बैंकमा रहेको खाता नं ०२५११२००४४७०५३०००००१ निक्षेप रकम भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र प्रमाण सहित यस बैंकको शाखा कार्यालय खैरेनीमा आफ्नो हकदावी पेश गर्नुहुन प्रकाशित गरिएको छ। उक्त म्याद भित्र कसैको हकदावी पर्न नआएमा उक्त खातामा रहेको रकम नियमानुसार भुक्तानी गरिने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

ड्रागन फ्रुट खेती

धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीका कृषि उद्यमी रिता अवस्थीले एक विगाहा क्षेत्रफल जमिनमा व्यावसायिक रुपमा गरेको ड्रागन फ्रुट खेती । भारतको कोलकत्ताबाट ड्रागनका बिरुवा ल्याएर केही वर्ष अघि परीक्षणका रुपमा सुरु गरिएको ड्रागन खेतीबाट अहिले राम्रो उत्पादन हुन थालेपछि यसलाई व्यवस्थित र व्यावसायिक रुपमा विस्तार गर्दै लगिएको अवस्थीले बताइन् । तस्बिर : तिलकराज ओझा/रासस

नेपालमा ढुक्कसँग लगानी गर्न प्रवासी नेपालीलाई आग्रह

काठमाडौं/मस– अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रवासमा रहेका नेपालीलाई नेपालमा ढुक्कसँग लगानी गर्न आग्रह गरेका छन् । चीनको ग्वाङझाउ शहरमा शनिबारबाट सुरु भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) को ११औं एसिया प्यासेफिक सम्मेलनलाई भिडियो सन्देशमार्फत शुभकामना दिँदै उनले यस्तो धारणा राखेका हुन् ।

सरकारले लगानीको माहौल बनाउने, देशमै रोजगारीको वातावरण सिर्जना गर्ने, एआई र सूचना प्रविधि क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने गरी नीतिगत रणनीतिहरू कार्यान्वयन गरिरहेको भन्दै उनले नेपालमा ढुक्क भएर लगानी गर्न प्रवासी नेपालीलाई आग्रह गरे ।

'प्रवासी साथीहरू, अब नेपाल आएर ढुक्कसँग नेपालमा लगानी गर्नुहोस् । पर्यटन, सूचना प्रविधि क्षेत्रमा, हरित ऊर्जा, उच्च मूल्ययुक्त कृषिमा र आयात प्रतिस्थापन हुने क्षेत्रहरूमा लगानी गर्नुहोस्,' उनले भिडियो सन्देशमार्फत भने ।

सरकारले नतिजा देखिने गरी तीव्र गतिमा काम गरिरहेको उनको भनाइ छ । बजेटबाट २७ वटा नयाँ कानुनी ऐन ल्याएर लगानीमैत्री वातावरण बनाउन सरकारले काम गरिरहेको भन्दै अर्थमन्त्री वाग्लेले सम्मानजनक रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिएको बताए ।

सरकारको आम्दानी बढाउन कर प्रणालीमा सुधार गरेको पनि उनको भनाइ छ । ब जेटमार्फत आर्थिक राजकाजको जहाज मोडेको र पहिलो वर्ष सुधारको सुरुवात मात्रै गरेको उनले उल्लेख गरे ।'पहिलो वर्ष सुधारको सुरुआत गर्यौं, दोस्रो वर्ष अझै फराकिलो सुधारको काम अघि बढ्नेछ । तेस्रो र चौथो वर्ष सुधारको नतिजा देखिनेछ । चौथो र पाँचौं वर्षमा यसको प्रतिफल जनताले पाउनेछन्,' अर्थमन्त्रीले भने ।

यी सबै लक्ष्य प्राप्तिका लागि आन्तरिक स्रोत अत्यन्तै महत्त्वपूर्ण भएको, वाह्य लगानीको स्रोत अप्ठ्यारो अवस्थामा रहेको र यहीबेला प्रवासीको ज्ञान र पुँजी सरकारलाई चाहिएको उनको भनाइ छ ।प्रवासको पुँजी र लगानी परिचालनको विषयमा पार्टीको घोषणा पत्रमा पनि उल्लेख भएको र सरकारले पनि विशेष पहल गरिएको उनले बताए ।'निर्वाचनको घोषणापत्रमा पनि हामीले सफ्ट पावरको उपयोगका कुरा गरेका थियौं । अहिले सरकारले डायस्पोराको लगानी र ज्ञान नेपाल भित्र्याउने नीति लिएको छ । केही दिन अघि मात्रै हामीले धितोपत्र बाँडफाँड तथा निष्काशन नियमावलीमा संशोधन गरेर नेपाल सरकार र एनआरएन इन्भेस्टमेन्ट फन्डबाट जारी हुने सेयरको हिस्सा ८५ प्रतिशत पुऱ्याएका छौं,' अर्थमन्त्रीले भने, 'आउनुहोस्, ढुक्क भएर लगानी गर्नुहोस् । आफ्नो ज्ञान र सीपलाई यहाँ प्रयोग गर्नुहोस् ।'

सरकारले रुग्ण उद्योगहरूलाई पनि ब्युँताउँदै गरेको र यसलाई पुनर्ताजगी गरेर सञ्चालनका लागि राम्रो सीप र ज्ञान भएकालाई दिने भन्दै त्यसमा पनि प्रवासले सहभागिता जनाउन सक्ने अर्थमन्त्रीले बताए ।

'विद्युत् व्यापारमा निजी क्षेत्रको अपरिहार्यता'

मध्यान्ह संवाददाता
काठमाडौं, ३० साउन

ऊर्जा क्षेत्रका सरोकारवालाहरुले देशमा उत्पादित बिजुलीको आन्तरिक तथा अन्तराष्ट्रिय बजारीकरणका लागि थप विद्युत् व्यापार अपरिहार्य रहेको बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)ले आयोजना गरेको फ्राइडे फोरममा वर्तमान अवस्थामा विद्युत् खेर जाने अवस्थाको अन्त्य र भविष्यमा विद्युत् उत्पादनका लगानी गरिसकेको अर्बौं संरक्षणको लागि पनि विद्युत् व्यापारमा निजी क्षेत्रको अपरिहार्यता रहेको बताएका हुन् ।

नेपालमा जलविद्युत्को उतपादन तीव्र गतिमा बढ्दिरहेको र त्यसलाई व्यवस्थित रुपमा खपत तथा निर्यात गर्न प्रतिस्पर्धात्मक विजुलीको लागि महत्वपूर्ण भुमिका हुने बताएका छन् । वर्तमान समयमा एउटा मात्र निकाय र वा सिमित संरचनाबाट मात्रै ठूलो परिमाणको विद्युत् व्यापार सम्भव नहुने भएकाले निजी क्षेत्रलाई समेत विद्युत् व्यापारमा खुला गरिदिनु पर्ने बताएका हुन् ।

उनीहरुले विद्यमान कानुनको परिधिभित्रै विद्युत् व्यापारको अनुमति पत्र दिन सकिने बताउँदै ढिला गर्न नहुने उल्लेख गरेका छन। ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले निजीलाई प्रवर्द्धन गर्ने गरि सरकार अगाडि बढेको बताए । 'सरकार निजी क्षेत्रलाई सहकार्य गरेर अगाडि बढ्न चाहान्छ,' श्रेष्ठले भने, 'यहाँहरुसँग सहकार्य गर्नको उच्च स्तरिय समिति गठन गरि काम गर्न खोजिरहेका छौं ।'प्राधिकरणका पूर्व उपकार्यकारी निर्देशक प्रबल अधिकारीले 'नेपाल-भारत विद्युत् व्यापार : निजी क्षेत्रका लागि आगामी बाटो' बारे कार्यपत्र प्रस्तुत गरे । पूर्वसचिव दिनेश घिमिरेसंयोजकत्वको समितिले पनि विद्युत् ऐन २०४९ अनुसार नै लाइसेन्स दिन सकिने व्यवस्था गरेको छ । अधिकारीले सरकारले नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड (एनपीटीसी) लाई मन्त्रिपरिषले निर्णय गरी स्वीकृति दिइसकेकाले निजी क्षेत्रलाई अनुमतिपत्र दिन कुनै बाधा नरहेको बताए । विद्युत् व्यापार भन्ने शब्द उल्लेख नगरिए पनि प्राधिकरणको सहायक कम्पनीलाई अनुमति दिइसकेको अधिकारीले बताए ।

विद्युत् ऐन २०४९ को दफा २१ मा उत्पादित विद्युत् बिक्री उत्पादन गरेको विद्युत् एकमुस्ट बिक्री गर्न चाहेमा राष्ट्रिय ग्रिडमा समावेश हुने गरी सरकारले खरिद गर्न गराउन सक्ने उल्लेख छ। विद्युत् व्यापार जटिल विषय रहेको भन्दै अधिकारीले वितरण र प्रसारणलाइनमा सरकारको लगानीले मात्र नपुग्ने दावी गरे । 'विद्युत् व्यापार जटिल विषय हो, त्यसैले सरकारको एउटा निकायबाट मात्रै विद्युत् व्यापार गर्न सम्भव छैन,' उनले भने ।

पूर्व ऊर्जासचिव अनुपकुमार उपाध्ययले यस अगाडी नै निजी क्षेत्रलाई लाइसेन्स दिन खोजिए पनि स्थिर सरकार नहुँदा रोकिएको बताए । 'पावर ट्रेडिडको लाइसेन्स दिने विषयमा पहिले नै कानुन ल्याउनका लागि पटकपटक तयारी भएपनि निर्णय हुने क्रममा सरकार परिवर्तन हुने कारणले निर्णय हुन सकेन,' उनले भने, 'अब निर्णय हुन्छ होला । पावर ट्रेडिडका लाइसेन्स दिनपर्छ भन्ने विषयमा दुविदा छैन् ।'

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले भदौको पहिला साता प्रसारण शूल्कको दर तय गरी सार्वजनिक गरिने बताए । 'पहिला खुला पहुँचसम्बन्धी निर्देशिका ल्याउँदा एक महिनाभित्र सबै मापदण्डलगायत पुरा गर्ने तयारी थियो । तर त्यसअनुसार हुन सकेन,' उनले भने । उत्पादन वितरण र प्रसारणमा एउटै संस्था हुँदा स्वार्थको द्वन्द्व हुन सक्ने समेत उनको भनाई छ ।

ऊर्जा सचिव सरिता दुवाडीले प्रसारण र वितरणमा निजी क्षेत्रलाई बाटो खोल्न मन्त्रालय प्रतिबद्ध रहेको बताइन । 'उत्पादनसँगसँगै प्रसारण र वितरणमा पनि निजी क्षेत्रको भुमिका रहनुपर्छ आजको वहस केन्द्रित रह्यो। त्यसमा मन्त्रालय प्रतिबद्ध रहेको छ ।' उनले भने, 'निजी क्षेत्रलाई विद्युत् व्यापारमा बाटो खोल्न मन्त्रालय सोहीअनुार काम गरिरहेको छ ।'

नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायू कुमार श्रेष्ठले थप पावर ट्रेडिङ कम्पनी आउने विषयमा प्राधिकरण सकारात्मक रहेको बताए । 'प्राधिकरणले ट्रेडिङ कम्पनीमार्फत विद्युत् व्यापार गर्दै आएको छ। थप ट्रेडिङ कम्पनी आउनु पर्ने भन्नेमा विद्युत् प्राधिकरण कहिलै पनि सानो मन राखेर बस्दैन्, उनले भने, 'निजी क्षेत्रका ट्रेडिङक कम्पनी आउनु पर्छ भन्नेमा हामी जहिले नै सकारात्मक छौं ।'

इप्पान र ग्रिड कम्पनीबीच सहयकार्य

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीबीच सहकार्य गर्न समझदारी भएको छ । प्रसारण पूर्वाधार विकासका लागि दीर्घकालिन सार्वजनिक-निजी सहकार्य सम्बन्धी समझदारी भएको हो ।

समझदारी पत्रमा इप्पानका अध्यक्ष मोहनकुमार डाँगी र आरपीजीसीएलका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

नाट्टाको अध्यक्षमा भरतजंग पाण्डे विजयी

काठमाडौं/मस– नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) को अध्यक्षमा भरत जंग पाण्डे निर्वाचित भएका छन् । नाट्टाको ५९ औं वार्षिक साधारणसभाबाट पाण्डे बिजयी भएका हुन् । अध्यक्ष पाण्डेले निर्वाचनमा १ सय ८८ मत प्राप्त गरी निर्वाचित भए । अध्यक्ष प्रतिपर्धी उम्मेदवार युविका भण्डारीले १ सय ५८ र जीस्वन तुलाधर श्रेष्ठले १ सय ६ मत प्राप्त गरेका थिए । यस्तै वरिष्ठ उपाध्यक्षमा सुनिल शर्मा २ सय ५१ मतसहित निर्वाचित भएका छन् । उपाध्यक्षमा सविता केसी भट्टराई १ सय ७७ मत, महासचिवमा राजकुमार देवकोटा १ सय ५८ मत ल्याएर विजयी भए । नाटाको सचिवमा रमेश पराजुली, कोषाध्यक्षमा डिकी शेर्पा ,सहकोषाध्यक्षमा जीवन कोइराला निर्वाचित भएका हुन् । यस्तै सदस्यहरूमा स्मरिका थापा, प्रकाश लोहनी, नबिन गुरुङ, दिनेश मैनाली, सुमन लाल श्रेष्ठ, स्वस्तिका प्रधान, संकेत दाहाल र बिभाष पौडेल निर्वाचित भए । नाट्टाले आगामी दुई वर्षमा लागि नयाँ कार्यसमिति चयन गरेको हो ।

नाइमा एक्स्पो : ५ दिनमा डेढ लाखले गरे अवलोकन

मध्यान्ह संवाददाता
काठमाडौं, ३० साउन

भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' पाँच दिनमा १ लाख ५० हजारले अवलोकन गरेका छन् । शनिबार पनि ४२ हजार अवलोकनकर्ताले एक्स्पोमा पुगेको नाइमाले जनाएको छ । अटो सो प्लानिङ कमिटीका अध्यक्ष गौरव शारडाले अवलोकनकर्ताको उल्लेख्य सहभागिताले उत्साहित बनाएको बताए । 'मेला पूर्णरुपमा सफल भयो भन्नका लागि अन्तिम दिनसम्म कुनै परेन,' उनले भने, 'हाम्रो लक्ष्य पूरा भइसकेको छ, एक्स्पो अवलोकन गरेर भोलिको दिनलाई अझ विशेष बनाइदिन म सबैलाई आग्रह गर्छु ।'

यस्तै काठमाडौं सुनचाँदी व्यवसायी संघका सचिव लेखरत्न शाक्यले भने 'पानीले निकैबेर डिस्टर्ब गऱ्यो, यहाँ आइपुग्दा खुट्टा टेक्ने नपाउने गरी भीड लागेको रहेछ, मैले पनि एउटा स्कुर बुक गरँ ।'

एक्स्पोको उद्घाटनका दिन साउन २६ गते २९ हजार, दोस्रो दिन २६ हजार, तेस्रो दिन २२ हजार र चौथो दिन ३१ हजारभन्दा बढीले अवलोकन गरेका थिए । मेलामा ५५ भन्दा बढी ब्रान्डका सवारी साधन प्रदर्शनीमा राखिएका छन् । नयाँ-नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेर वितरक कम्पनीहरुले अवलोकनकर्तालाई आफ्ना स्टलमा आकर्षित गरिरहेका छन् ।नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंक प्रालिकी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले अवलोकनकर्ताको व्यापक उपस्थितिले मेलालाई सफल बनाएको बताइन् । पारामाउन्ट मोटर्सका प्रबन्ध निर्देशक शिरीषकुमार मुरारकाले पनि ठुलो संख्यामा अवलोकनकर्तालाई आकर्षित गर्न सक्नु नाइमाको सफलता भएको धारणा राखे ।

विकल्प धेरै भएकाले मेलास्थल पुगेका अवलोकनकर्तालाई भने जस्तो सवारीसाधन छान्न सहज भएको छ। दुई पाङ्ग्रेमा पनि अवलोकनकर्ताको उल्लेख्य भीड लागेको छ। विशेषगरी महँगा ब्रान्डमा युवाको आकर्षण देखिएको छ । नाइमा एक्स्पो आफ्नो क्षमताअनुसारको कार बुक गर्ने महत्वपूर्ण अवसर भएको अवलोकनकर्ताहरुले बताएका छन् । अवलोकनकर्ताहरुले खासगरी ब्याट्री क्षमता, मोटर, रेन्ज, आफ्टर सेल्स सर्भिस, ब्याट्रीको वारेन्टी/ग्यारेन्टी, रिसेल भ्यालूलगायतका विषयमा चासो राखेका छन् ।

कम्पनीहरुले पनि ग्राहक आकर्षित गर्न विभिन्न सुविधा उपलब्ध गराएका छन् । उनीहरुले मूल्यमा छुट, एक वर्षको बिमा, एक वर्षको सवारी कर, फ्रि सर्भिसिङ, न्यून दरमा कर्जा जस्ता सुविधा दिएका छन् । मेलामा हालसम्म विभिन्न ब्रान्डले ५३ नयाँ मोडलका सवारीसाधन सार्वजनिक गरेका छन् । पाँचौं दिनमा पनि एउटा सवारीसाधन लन्च गरिएको छ । लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी मोटरहब प्रालिले आर्कफक्स क्रसओभर सार्वजनिक गरेको हो ।एक्स्पोमा नेपालमा पहिलोपटक प्रवेश गरेका ब्रान्डदेखि अन्य नयाँ मोडलका विद्युतीय कार, ई-स्कुटर तथा विद्युतीय व्यावसायिक सवारीसाधन मुख्य आकर्षणका रूपमा रहेका छन् ।एक्स्पोमा बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीले सवारी खरिदका लागि विशेष अफर तथा सहुलियत कर्जा उपलब्ध गराइरहेका छन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएको छ ?
यदि छ भने हामीलाई सम्झनुहोस्
हाम्रा सेवा तथा सुबिधाहरु
- कम्प्युटर, प्रिन्टर, ल्याप्टप, फोटोकपी आदि खरिद बिक्री तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्री तथा मर्मत
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु
- कम्प्युटर, प्रिन्टर फोटोकपी आदिको वार्षिक सर्भिस

नुम्स कम्प्युटर्स प्रा. लि.
सम्पर्क नं. ९८४१५६५७९४, ९८४१३०६५३०

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल